


PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratеekdaily.com

अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ वैशाख ०१ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 April 14 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२६

# सबैखाले स्वास्थ्य मापदण्ड अपनाउन सकिँदैन –प्रअ कुर्मी

नितेश कर्ण, वीरगंज, ३१ चैत/

महावीरप्रसाद रघुवीर राम त्रिजुद्ध प्राविधिक नमूना माविका प्रधानाध्यापक हरेन्द्रप्रसाद कुर्मीले विद्यालयमा सबै किसिमका स्वास्थ्य मापदण्ड अपनाउन नसकिने बताएका छन् । उनले आफ्नो विद्यालयमा तीन हजार विद्यार्थी रहेको र उनीहरूलाई न्यूनतम स्वास्थ्य मापदण्ड अपनाउन लगाइएको बताए । साबुन–पानीले हात धुने र मास्क लगाउने जस्ता स्वास्थ्य मापदण्ड अपनाउन लगाए पनि सामाजिक दूरी कायम गर्न अप्ठ्यारो भएको बताए । उनले हाल विद्यालयमा परीक्षा सञ्चालन भइरहेको र एउटा बेन्चमा तीनजना परीक्षार्थी राखेर परीक्षा लिनुपरेको बताए ।


त्रिजुद्ध माविका प्रअ (इनसेटमा), हातधुने मेशिन र विद्यार्थी । तस्वीरः प्रतीक

एकजना विद्यार्थीलाई एउटा बेन्चमा राखेर परीक्षा लिने हो भने लामो समय लाग्ने हुनाले तीनजना राखेर परीक्षा लिइरहेको बताए । हाल विद्यालय दुई चरणमा सञ्चालन भइरहेको प्रअ कुर्मीले बताए । उनले विद्यालयलाई यसअघि क्वारेन्टाइन बनाइएको र त्यसपछिको अवस्थामा भौतिक संरचना तथा फर्निचरको मरम्मत सम्भार नगरिएकोमा दुःखेसो पोखे। विद्यालयजस्तो संवेदनशील ठाउँमा क्वारेन्टाइन बनाइएको र पछि फर्निचर आदि खराब हुँदा स्थानीय र सङ्घ सरकारले सहयोग नगरेको बताए। उनले विद्यार्थीहरूको भीडमा सेवा दिंदै आएका शिक्षकहरूलाई कोरोनाविरुद्ध खोप नलगाइएकोमा आक्रोश व्यक्त गरे। शिक्षकहरूप्रति सरकारको रवैया राम्रो नभएको उनले टिप्पणी गरे। जोखिममा काम गरेका शिक्षकहरूलाई खोप दिनुपर्ने उनको भनाइ छ। विद्यालयमा भौतिक संरचनाको कमी, जनशक्तिको अभाव रहेको भन्दै उनले यी समस्यालाई समाधान गरे शैक्षिक गुणस्तर बढ्ने दाबी गरे ।

**ग्रामीण क्षेत्रका विद्यालय झनै भद्रगोल**

ओमप्रकाश चौधरी, सेढवा/

कोरोना सङ्क्रमण बढेको र कोभिड सङ्कट व्यवस्थापन समितिले स्वास्थ्य मापदण्ड पूरा गर्न अनिवार्यरूपमा मास्क लगाउन, साबुन–पानीले हात धुनजस्ता कार्यहरू गर्न निरन्तर आग्रह गर्दै आए पनि पर्साका ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूमा सो मापदण्ड अपनाइएको छैन । ठोरी, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी, जगरनाथपुर, धोबिनी, छिपहरमाईलगायतका गापामा रहेका सामुदायिक विद्यालयमा स्वास्थ्य सुरक्षा मापदण्ड अपनाइएको छैन ।

विद्यार्थीहरूलाई साबुन–पानीको व्यवस्था गरिएको छैन भने मास्क पनि अनिवार्य गरिएको छैन । विद्यालयका बेन्चमा छात्रछात्राहरू खचाखच कोचिएर अध्ययन गर्नुपर्ने पुरानै अवस्था विद्यमान छ ।


ग्रामीण क्षेत्रका विद्यालयमा अध्ययन गर्दै विद्यार्थीहरू । तस्वीरः प्रतीक

सखुवाप्रसौनी गापास्थित नेरामावि महुवनका प्रअ भरत गिरीले गापाबाट यससम्बन्धी निर्देशन नआएको कारण पुरानै तरीकाबाट विद्यालय सञ्चालन भइरहेको बताए। उनले विद्यार्थीहरूलाई स्वास्थ्य मापदण्डका विषयमा जानकारी गराए पनि बाध्यकारी नबनाइएको बताए। मन लागे विद्यार्थीले हात धुने, मास्क लगाउने गर्छन् र त्यस्तो नगर्नेलाई किन नगरेको भनी नसोधिएको प्रअ गिरीले प्रस्टयाए ।

ठोरी गापा–४ स्थित उच्च मावि विजयबस्तीका प्रअ नारायण लामाले लकडाउनपछि विद्यालयमा एकपटक गापाले सेनिटाइज गरेको र अहिले कुनै सहयोग नगरेको बताए । उनले विद्यालयको निर्देशन अनुसार केही विद्यार्थीले मास्क लगाउने गरेको बताए। उनले गर्मी बढेको र कक्षा कोठामा विद्यार्थीहरू कोचिएर पढ्नुपर्ने हुँदा मास्क लगाएर अध्ययन गर्दा श्वासप्रश्वासमा समस्या हुने विद्यार्थीहरूले गुनासो गरेको बताए। उनले सामुदायिक विद्यालयहरूमा सामाजिक दूरी कायम गरेर अध्यापन गराउन नसकिने बताए ।

पटेर्वासुगौली गापा शिक्षा शाखा संयोजक शम्भु साहले स्वास्थ्य सुरक्षा मापदण्ड नअपनाएर गापा अन्तर्गतका विद्यालयहरू सञ्चालन भएको बताए। उनले एक साताभित्र गापाका सबै विद्यालयमा मास्क वितरण गर्ने र सेनिटाइजरको व्यवस्था गर्ने आश्वासन दिए ।

**स्वास्थ्य मापदण्डको पालना गरौं**

नव वर्ष २०७८ को अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, संवाददाता, स्तम्भकार, वितरक, शुभेच्छुकहरुमा हार्दिक मङ्गलमय शुभकामना ।
*हाम्रो भेट वैशाख ३ गते हुनेछ ।*
प्रतीक दैनिक परिवार






जिन्दगीले जसलाई खुशी दिँदैन, उसलाई असीमित अनुभव दिन्छ ।

-विचारसार र सूक्तिहरू


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# नयाँ वर्ष र कोरोना

**पोहोर २०७७ सालको स्वागत, कोरोना महामारीबाट बचाउको क्रममा लगाइएको विश्वव्यापी लकडाउनसँगै, भएको थियो । झन्डै ६ महीनापछि कोरोनाको गति मत्थर भएर वा मानिसमा प्रतिरोधक क्षमताको विकास भएर आश्वस्त हुन नपाउँदै, नयाँ वर्षको स्वागत गर्न नपाउँदै दोस्रो लहरको कोरोनाको त्रास फिंजिन थालेको छ। यद्यपि अहिले कोरोनाको खोप उत्पादन भएर थोरबहुत भएपनि सबैतिर लगाउन थालिएको छ । तर पनि कोरोनाले नबुझिनेगरी आफ्नो मायाजाल फैलाउन थालेको छ । युरोप र अन्य विश्वको कुरा एकछिन पन्छाइदिने हो भने भारतमा कोरोनाको पहिलो लहरभन्दा यो दोस्रो लहरमा एकपटकमा धेरै मानिस सङ्क्रमित भएका छन् । नेपालमा नै परीक्षण गरिएका व्यक्तिहरूको सङ्क्रमण दर बढिरहेको छ । नेपालमा सोमवारका दिन कोरोना सङ्क्रमणका कारण १३ जनाको मृत्यु भएको छ । खास वीरगंजमा पनि एक दिनपछि अर्को दिन सङ्क्रमण दर बढेको पाइएको छ । यसले नयाँ वर्ष २०७८ लाई प्रभावित पार्ने निश्चित देखिन्छ । अब यसलाई पोस्ट-कोभिड भन्ने अवस्था छैन । राजधानीमा खोप लिएका एकजना चिकित्सक कोरोना सङ्क्रमणग्रस्त भएका छन् । यसले सङ्क्रमण हुन नदिनु नै सर्वोत्तम उपचार मान्न कर लागेको छ ।**

**यसपालि पनि भारतबाट फर्केका मानिसमा कोरोना सङ्क्रमण देखिएको छ । तिनीहरूबाट नै स्थानीयलाई पनि सङ्क्रमण भएको हुनुपर्छ । सरकारले केही निर्देशन त जारी गरेको छ, तर प्रतिरोधात्मक उपायको कार्यान्वयन गतिशील हुन सकेको छैन । एकपटक पुनः सीमा सिल गरिएको छ । क्वारेन्टाइन स्थापना गर्ने र हिजोका सबै प्रक्रिया अँगाल्ने सरकारको भनाइ छ । हुनत यी यावत् क्रियाकलापमा हिजोको अनुभव हामीसँग छ, भुक्तभोगी रोगी तथा चिकित्सकहरू पनि छन्, खोप पनि उपलब्ध छ, सरकारले सबै काम पन्छाएर भए पनि खोप मगाउन सक्छ । यसले मानिसमा आत्मबल बढ्छ र बढेको आत्मबलले प्रतिरोधक क्षमता बढाउँछ । सरकारको हकमा सकेसम्म सावधान हुने र उपचार गराउने मात्र हो । अहम् जिम्मेवारी नागरिककै हो । नागरिक सचेत हुने हो भने कोरोनाको प्रवाह रोक्न सकिन्छ । कोरोनाविरुद्ध सचेतना गाह्रो पनि छैन । मास्क, साबुन-पानीले हात धुने र व्यक्ति-व्यक्तिबीच दूरी बनाएर यस महामारीको सजिलै सामना गर्न सकिन्छ । अहिले यो पनि हेर्न बाँकी छ कि उपलब्ध खोप दोस्रो लहरको कोरोनाविरुद्ध कति सक्षम छ ।**

**दोष नयाँ वर्षलाई होइन, हामीले गर्ने गतिविधिलाई दिनुपर्छ । कुनै पनि नयाँ वर्षले कस्तै पनि भयावहता आफूसँग लिएर आएको हुँदैन । कुनै खास कालमा केही राम्रो र नराम्रो हुनुमा पूर्णतः मानवीय गतिविधि नै जिम्मेवार हुन्छ । त्यसैले सानो परिवेशमा कोरोना प्रतिरोधी तमाम उपायहरू गरेर नयाँ वर्ष मनाउन नसकिने होइन । नयाँ वर्ष मनाउनुको परोक्ष मनोविज्ञान पनि यस दिनलाई साक्षी राखेर आउँदो दिनहरूमा विकृति, विसङ्गति र विकारहरूको भञ्जन गर्दै नयाँ प्रण, नयाँ लक्ष्य निर्धारण गर्नु हो । यस कार्यमा कुनै कोरोनाले केही बिगार्न सक्दैन । समयको तादाम्य मनसँग हो । किनकि दुवै तीव्रगामी र निरन्तर गतिशील हुन्छन् । नयाँ वर्षको सबै नेपालीमा, विश्व समुदायमा नै शुभकामना ! हामीमा जस्तै महामारीसँग लड्ने, जस्तै विकराल समस्यासँग जुझ्ने आँट जन्मोस्, विगतलाई बिर्सेर आगतलाई सपार्ने अठोट गर्ने यो दिनलाई कुनै पनि भय र चिन्ताले छेक्न नसकोस् । भवतु सब्ब मंगलं !**

# सास फेर्न पनि गाह्रो भो, निगाह होस् सरकार !

स्वतन्त्र विचार



विनोद गुप्ता

**हामीले आफ्नो दुर्बुद्धिले चारकोसे झाडीलाई समाप्तप्रायः पारिसकेको वर्तमान अवस्थामा अग्ला रूखहरूको अभावमा बादल लागे पनि थोरै पानी पर्ने, नदीबाट भइरहेको गिट्टी, बालुवाको दोहनबाट मूल सुक्नेजस्ता कार्यहरूले नेपालको इकोसिस्टम तहसनहस भइसकेको छ ।**

विगत केही सातादेखि राजधानीलगायत क्षेत्रमा देखापरेको वायु प्रदूषणले सरकारलाई नबनाए पनि राष्ट्रिय मानव अधिकार आयोगलाई संवेदनशील बनायो र उसले विज्ञहरूसँग परामर्श गरेर यसको न्यूनीकरणका लागि सरकारलाई तात्कालीन तथा दीर्घकालीन उपाय अवलम्बन गर्न ध्यानाकर्षण गराएको थियो। विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा ७ करोड मृत्यु प्रदूषणका कारण हुने गरेको छ भने नेपालमा प्रदूषणका कारण बर्सेनि १ हजार ६ सय व्यक्तिको ज्यान जाने गरेको छ, जसमा करीब ३० प्रतिशतको कारण वायु प्रदूषण रहने गरेको छ । मार्च महीनाको अन्तिम बिहीवार पानी परेपछि दिउँसो २:४५ बजे काठमाडौंको वायुको AQI 54 मा झरेको थियो जुन पहिले ३३४ सम्म पुगेको थियो। यसको कारण १ हजार मिटरमा झरेको भिजिबिलिटी ७ हजार मिटरसम्म पुगेको थियो । सामान्यतया नेपालमा डढेलो नोभेम्बरदेखि अप्रिलसम्म लाग्ने गरेको र विगतमा ७३ जिल्लामा २७१३ डढेलोका घटना रेकर्डमा छ। यस वर्ष भने २९ जिल्लामा १२९ घटनाको जानकारी आएकोमा पानी परेपछि यो सङ्ख्या १८ जिल्लामा ५९ मा झरेको पाइन्छ। छापाहरूमा आएको खबर अनुसार मनाङमा थानचोक वनबाट शुरू भएको डढेलो नियन्त्रण गर्न डेढ महीना लाग्यो र फेरि माघको दोस्रो साता विभिन्न वन क्षेत्रमा आगलागी शुरू भयो । यसलाई हिमपातका कारण नियन्त्रण गर्न केही सजिलो भएको थियो। मनाङमा फेरि तेस्रोपटक आगलागी भयो र यसले २८ सय हेक्टर वन जङ्गललाई नोक्सान पुर्‍यायो । यस्तै गोरखामा पनि करीब ५० ठाउँमा आगलागी भयो तर आगलागीमा संलग्न एकजनाको मात्र पहिचान भयो भने मनाङमा त कसैको पहिचान नै हुन सकेन। त्यस्तै मध्यपहाडी तथा तराईको वनजङ्गलमा कोही पक्राउ परेको वा पहिचान भएको जानकारी छैन। यो समाचारबाट के बुझिन्छ भने डढेलो नियतवश लगाइन्छ । यस पछाडिको उद्देश्य घाँस, दाउरा र शिकार पनि हुन सक्छ।

सरकारले यसको नियन्त्रणको लागि वन ऐन २०७६ मा ६० हजार जरिवाना वा ३ महीना कैदको व्यवस्था गरेको छ तर व्यक्ति नै पहिचान नभएपछि कारबाई कसलाई भन्ने प्रश्न उठ्छ। सरकारको यो कदम दण्डात्मक व्यवस्था हो जुन प्रभावकारी हुन सकेको छैन, त्यसैले सरकारले सर्वप्रथम त रोकथाम गर्न घाँस, दाउराको उपलब्धताको लागि वन क्षेत्र बाहिर व्यवस्था गर्नुपर्दछ र दोस्रो सबैभन्दा खतरनाक कार्य जुन पूर्ववर्ती सरकारले पनि गरे र वर्तमान सरकारले समेत गरिराखेको छ त्यो तत्काल बन्द गर्नुपर्दछ अन्यथा गणतन्त्रपछिको पालिकाहरूले मचाएको डोजर आतङ्कजस्तै सरकारले पनि सडक र रेल बनाउने नाउँमा जे गर्दैछ त्यो देश हितमा छैन।

विचार गर्नुस् रक्सौलदेखि पथलैयासम्मको दूरी जम्मा २२ किलोमिटर छ र यहाँबाट पूर्वतर्फको मध्यबाट पञ्चायती सरकारले बनाएको पूर्व-पश्चिम राजमार्गको पूर्वी खण्डमा ठाउँ-ठाउँमा बसेका बस्तीहरूले वनजङ्गल समाप्तप्रायः पारिसकेर यो क्षेत्र मरुभूमिकरणतर्फ अग्रसर रहेको छ । रक्सौल सीमाबाट ५-६ किलोमिटरको दूरीमा हुलाकी सडकको निर्माण पनि अन्तिम चरणमा छ र यस्तोमा अब यो २२ किलोमिटरको दूरीभित्र नै पूर्व-पश्चिम रेलमार्गको पूर्वीखण्डको परिकल्पना गरेर निर्माण थालिएकोले औसतमा नेपालको चार कोसे झाडीलाई प्रत्येक ७ किलोमिटरको दूरीमा कम्तीमा दुई ठाउँमा लम्बवत् चिर्दा (हुलाकी सडक समथर भूमिमा पर्ने) जङ्गलमाथिको चाप चार गुणा बढ्ने र वनजन्य जीवहरूको प्राकृतिक वास स्थान नै हरण हुने अवस्था आउने सोच सरकारमा पलाएको छैन। अझ त्यसले नपुगेर निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको लागि २४-२५ लाख रूख काट्ने तयारी पनि छ । सरकारले विकासको नाममा सारेका यी कुनै पनि आयोजनाले नेपालको वातावरण र खास गरेर वायु प्रदूषण नियन्त्रण गर्नुको साटो बढाउने छ।


संसारभरिका पर्यावरण विद्हरूको मान्यता के छ भने प्राकृतिक बाधालाई सकेसम्म भर्टिकली मात्रै छेडछाड गर्न उपयुक्त हुन्छ । होरिजन्टल गरिने विकासले विनाश निम्त्याउँछ । तर नेपालमा तराई मात्रै होइन अब मध्य पहाडी राजमार्ग पनि लम्बवत् निर्माण भइ नै सकेको छ भने उच्च पहाडी राजमार्गको समेत निर्माण चालू छ । जम्मा जम्मी १२० किलोमिटर चौडाइ भएको देशको प्रकृतिलाई चार ठाउँमा लम्बवत् चिरेर अझ स्याटेलाइट शहर निर्माण गर्ने योजना छ। निर्माण हुने यी सबै शहरका बासिन्दाले पेट पाल्न ग्याँस र विद्युत् नै प्रयोग गर्नेछैनन् । वनमा सहज प्रवेशको सुविधाले अधिकांश निश्शुल्क प्राप्त हुने दाउरा ल्याउन वनमैं जानेछन् । त्यस्तो अवस्थामा वन डढेलो कति लाग्दा र कसरी नियन्त्रण होला ? अहिलेसम्म डढेलो नियन्त्रणमा प्राकृतिक हिउँ र पहिरोको भर पर्ने हाम्रो देशले त्यस बेला कुन प्रविधि प्रयोग गरेर नियन्त्रण गर्ने होला ?

वायु प्रदूषणको लागि अहिले उद्योगहरूलाई दोष दिने सजिलो परम्परा नै चलेको छ । स्थानीयस्तरमा विश्व स्वास्थ्य सङ्गठनले छाला, पशु वधशाला, प्लास्टिक रिफाइनरी, भट्टीमा आधारित तेललगायत उद्योगहरूलाई मानेको छ । तर धूवाँ र धूलो फाल्ने सबै उद्योगहरूले कार्बन उत्सर्जन त गरिरहेकै हुन्छन् । तथापि तथ्याङ्क केलाउने हो भने समग्र नेपालमा अटोमोबाइल र उद्योगसमेत गरी मेरो अनुमानमा २०-२५ प्रतिशतसम्म मात्र प्रदूषण हुने गरेको बाँकी ७५-८० प्रतिशत प्रदूषण वनजङ्गलको विनाश गर्दै आइरहेको रूख कटानीबाट भएको छ । नेपालका सबै उद्योगहरूको क्षमता उपयोग (capacity utilization) नै ५० प्रतिशतभन्दा माथि नगएको र Assembly unit हरूको वर्चस्व रहेको अवस्थामा वायु प्रदूषणको सबै दोष उद्योग र गाडीहरूलाई दिन मिल्दैन। काठमाडौं उपत्यकामा गाडी र उद्योगको धूवाँको बढी प्रभाव यसको भौगोलिक अवस्थाका कारण हुन सक्छ। त्यसैले, कि नेपाल सरकारले वा उद्योगी व्यवसायीहरूको छाता सङ्गठनले यो दोष हटाउन यसको अध्ययन गराई निर्णय सार्वजनिक गर्न जरूरी छ । यसबाट सबैको चेतना खुल्नेछ।

चैत २३ गते सोमवार राजधानीकै एयर क्वालिटी इन्डेक्स फेरि २५६ पुगेको छ भने रारा ताल नजीकैको मापनयन्त्रले पनि प्रदूषणको स्तर २१० देखाएको छ। धनगढी, सिमरा, भरतपुर र सौराहामा वायु प्रदूषणको स्तर ३ सय नाघेको समाचार छ । अन्तर्राष्ट्रिय स्तरमा एक्युआई २००-३०० सम्म अस्वस्थकर र ३ सय अङ्क नाघेमा विपद्को स्थिति उत्पन्न भएको मानिन्छ। यस हिसाबले कोरोनाको दोस्रो लहरले त्रसित देशलाई वायु प्रदूषणले विपद्को स्थितिमा पुर्‍याएको र यसको व्यवस्थापनको लागि हामीसँग हावा चाल्नु र पानी पर्ने बेला पर्खिनुको कुनै विकल्प तत्काल उपलब्ध छैन । किन उपलब्ध छैन भने वन-जङ्गलको यतिबिघ्न विनाश गर्दासमेत कस्तो विपद् आइपर्छ भन्ने कल्पनासम्म गरेनौं वा थाहा पाए पनि जेसुकै होस् भन्ने मानसिकतामा बसिराख्यौं।

नेपालको वनजङ्गलमा सतहीस्तरबाट पानी पुर्‍याउन सजिलो छैन तर नेपालमा सशस्त्रको विपद् व्यवस्थापन टोली छ। यसले यस प्रकारको आगो नियन्त्रण गर्न प्रयोग हुने कार्बन डाइआक्साइड ग्याँस उत्सर्जन गर्ने ट्रलीमा राखिएको अग्निशामकको प्रयोगबाट सानो खालको डढेलो नियन्त्रण गर्न सक्दछ र त्यसैगरी सेनासँग रहेको हेलिकप्टरलाई अन्य मुलुकजस्तै कार्बन डाइआक्साइड उत्पादन गर्ने रसायन छर्ने प्रविधियुक्त बनाउनेतर्फ सोच्नु आवश्यक भइसकेको छ। हामीले आफ्नो दुर्बुद्धिले चारकोसे झाडीलाई समाप्तप्रायः पारिसकेको वर्तमान अवस्थामा अग्ला रूखहरूको अभावमा बादल लागे पनि थोरै पानी पर्ने, नदीबाट भइरहेको गिट्टी, बालुवाको दोहनबाट मूल सुक्नेजस्ता कार्यहरूले नेपालको इकोसिस्टम तहसनहस भइसकेको छ र यसलाई निकट भविष्यमा लिकमा ल्याउने कुनै सम्भावना नभएकोले डढेलो नियन्त्रणको लागि आधुनिक उपकरणको प्रयोग नगरी नहुने अवस्था आइसकेको छ। कोरोनाको कारण लकडाउन नभए पनि स्वास्थ्यसम्बन्धी सूचना अनुसरण गर्ने हो भने फेरि लकडाउन नजीकै पुग्ने अवस्थामा आइपुगेका छौं । दूरदृष्टि भएका नेता र त्वम् शरणम् कर्मचारीतन्त्र भएको देशको सबैतिर यस्तै हविगत होला। यस्तो अवस्थामा बाबा भोलेनाथ, पशुपतिनाथले हामी सबैको कल्याण गरून् भनेर प्रार्थना गर्नुबाहेक के नै गर्न सकिएला र ?

# एक महीनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने सरकारको तयारी



काठमाडौं, ३१ चैत/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को सङ्क्रमण बढ्न थालेपछि काठमाडौंलगायत देशका ठूला शहरी क्षेत्रका विद्यालय एक महीना बन्द गर्ने तयारीमा सरकार रहेको बताएका छन्।

स्वास्थ्य पत्रकार मञ्च, नेपालले मङ्गलवार आयोजना गरेको साक्षात्कार कार्यक्रममा उनले नयाँ खालको भाइरस बढ्दै गएपछि एक महीनासम्म अनलाइन कक्षा सञ्चालन गर्नेबारे मन्त्रिपरिषद् बैठक र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सिसिएमसी)मा समेत छलफल गरिएको जानकारी दिए ।

"शहरी क्षेत्रमा कम्तीमा एक महीनासम्म अनलाइन कक्षा सञ्चालन गर्ने कि भन्ने तयारी छ," उनले भने, "अनलाइनबाट कक्षा सञ्चालन गर्दा सात-आठ लाख विद्यार्थी घरमैं रहेर पढ्ने र त्यसले २० प्रतिशत आवतजावतमा कमी आउने देखिएको छ।"

मन्त्री त्रिपाठीले अहिलेको नयाँ भाइरस (भेरियन्ट) युवा र बालबालिकामा पनि देखिएकाले डर लाग्दो रहेको बताए । "१८ वर्षभन्दा मुनिका बालबालिकाका लागि खोप विकास भएको छैन," उनले भने, "अहिले देखिने भाइरस बालबालिकामा पनि सर्ने भएको र उनीहरूलाई खोपसमेत लगाउन नमिल्ने भएकाले सङ्क्रमण दर फैलिन सक्ने सम्भावनालाई ध्यानमा राखेर

(बाँकी पाँचौं पातामा)

## सत्यमब्रुयात् प्रियम् ब्रुयात्...

पाठक प्रतिक्रिया

३० गते प्रतीकमा कुमार रूपाखेतीको लेख 'अलिकति संस्कृत' पढें । म विवश भएको छु । संस्कृत पढेको छैन प्रतिक्रिया कसरी लेख्ने ? यस लेखमा उनले लेखेका नेपालको राजनीति र राजनीतिज्ञहरूको तुलना, संस्कृत श्लोक उद्धृत गर्दै, गरेका छन् र सङ्ग्रह गरेर राख्ने खालको छ ।

नेताहरूको उनले जुन वर्णन गरेका छन्, त्यो पढेर मलाई आफ्नो एउटा खेतको सम्झना हुन्छ । त्यसमा जुन फसल लगाए पनि हुँदैन। मान्छेले भने त्यसमा बालुवा छ, तरबुज, उखु वा काँक्रो लगाउनुस्। लगाइयो तर फलेन। कसै कसैले कोदो रोप्न भने। त्यो पनि उम्रेन। अन्तमा हामीले रेडी लगायौं । त्यो राम्ररी हुर्क्यो। कसरी भयो दैव नै जानून्! नेपालको माटो पनि त्यहीं खेत जस्तो लाग्छ । यसमा राम्रो खाले नेता हुर्कंदैन। रेडीजस्ता धुन्धकारी मात्र पैदा हुन्छन्। यस्तोमा नेपालीहरूले पनि गर्ने के ? ठूलो छायादार रूखमुनि पञ्चायती हुन्छ । तर हामी रेडीको झारमुनि पञ्चायती गर्न बाध्य छौं ।

जहाँसम्म मधेसी नेताको सवाल छ, उनीहरूले न विमान अपहरण गरेका छन्, न हाफिज सईदलाई छाड्न भनेका छन् । ओली स्वयम् हाफिज सईदलाई छाड्न हारगुहार गर्दैछन्। अतः मलाई यो विमान अपहरणभन्दा उम्दा तरीका लाग्छ । मेरो विचारमा अब अपहरण उद्योग त्यागेर यसै विधिमा लाग्नु उत्तम होला। विप्लव त्यही बाटो लागेका छन्। ओली, प्रचण्ड, माधव सबैले सोच्ने बेला आएको छ । उनीहरू पनि त रेशम चौधरीकै बाटो भएर प्रधानमन्त्रीको घले दौडमा सामेल भएका थिए ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# २०७८ सालको वार्षिक राशिफल

ज्यो. पं. छविरमण सुवेदी

**मेष-** यो साल फलदायी रहला। मनोबल उच्च हुने, अनेक प्रकारका उपलब्धि प्राप्त हुने योग छ। आर्थिक क्षेत्रमा सुधार, व्यापार-व्यवसायमा प्रगति हुने देखिन्छ। पारिवारिक समस्या-उल्झन हटेर जानेछ। यो वर्ष मानसिक बेचैनी, साथीभाइसँग विरोध, शेयर खरीद-बिक्रीमा हानि हुने देखिन्छ। जग्गा-जमीन र वाहन खरीद-बिक्रीमा सफलता मिल्नेछ। सन्तानबाट सुख-शान्ति मिल्नेछ। विवाह-व्रतबन्ध गर्न यो वर्ष शुभ रहेको छ। अदालती कामकाजमा पनि सफलता मिल्ने योग छ। वर्षका वैशाख, साउन, मङ्सिर र चैत्र महीनाहरू आर्थिक दृष्टिले त्यति शुभ छैनन्।

**वृष-** यो साल उन्नतिकारक वर्ष रहेको छ। विलासिताका वस्तु खरीद र मनोरञ्जन भ्रमणमा बढी धन खर्च हुने देखिन्छ। सङ्घर्ष र परिश्रमपश्चात् काममा सफलता मिल्नेछ। पेटको समस्या वायु विकार रोगले सताउला। नयाँ घरजग्गा र वाहन खरीदको योग छ। झैझगडाबाट सतर्कता आवश्यक छ। पत्नीको शारीरिक उपचारमा धन खर्च हुने वा दाम्पत्य जीवनमा मनमुटाव देखा पर्ला। सामाजिक, धार्मिक कार्यमा सफलता मिल्छ। कर्मचारीका लागि वर्ष विशेष फलदायी देखिन्छ। वर्षका वैशाख, असार, भाद्र र पुस महीना आर्थिक दृष्टिले शुभ छैनन्।

**मिथुन-** यो वर्ष सामान्य रहला। अष्टम शनि अढैया दशाले कसैबाट विश्वासघात हुन सक्छ। धन हानि, आर्थिक सङ्कट देखा पर्ला। अनावश्यक खर्च योग रहेको छ। तपाईको खरो बोलीले काम बिग्रन सक्छ। बोल्दा होशियारी आवश्यक छ। धार्मिक, माङ्गलिक क्षेत्रमा सफलता मिल्नेछ। सन्तानसँग मतभेद हुन सक्छ। शत्रुबाट सतर्कता आवश्यक छ। यसर्थ शनिदेवको ॐ शं शनैश्चराय नमः मन्त्रको जप र दैनिक हनुमान चालिसा पाठ गर्नु, गराउनु भए अशुभ फलमा कमी आउनेछ। वर्षका जेष्ठ, श्रावण, असोज र माघ महीना आर्थिक दृष्टिले शुभ छैनन्।

**कर्कट-** यो वर्ष सङ्घर्ष र परिश्रमबाट काममा सफलता मिल्ने देखिन्छ। मित्र वा आफन्तको सहयोगबाट धन आर्जनको ग्रहयोग रहेको छ। रोकिएका अधूरा काममा सफलता मिल्नेछ। धैर्यताको कमी र आवेशमा आउनाले काम नबन्न सक्छ। यसमा सतर्कता आवश्यक छ। वाहन खरीद, घरजग्गा किनबेचमा सफलता मिल्नेछ। राजनीतिमा सफलता मिल्ने देखिन्छ। आमाबुबाको स्वास्थ्य उपचारमा धन खर्च हुन सक्छ। विद्यार्थीका लागि वर्ष प्रगतिकारक रहेको छ। नयाँ ठाउँको भ्रमण गर्ने अवसर मिल्नेछ। व्यापार-व्यवसायमा लाभ-यश वृद्धि हुनेछ। हाकिम वर्गको सम्पर्कले काममा सफलता मिल्नेछ। असार, भदौ, कात्तिक र फागुन महीना राम्रा छैनन्।




**सिंह-** यो वर्ष रमाइलो गर्दै बित्ने देखिन्छ। पारिवारिक सुख मिल्नेछ। स्वास्थ्य बाधासम्बन्धी काम हटेर जानेछ। कार्यक्षेत्रमा मान-सम्मान बढ्ने छ। पदोन्नति, काममा सफलता, धनलाभ हुने वर्ष रहेको छ। डुबेको धन उठ्न सक्छ। मनोरञ्जन र भोगविलासमा धन खर्च हुन सक्छ। राजनीतिमा सफलता, व्यापार-व्यवसायमा वृद्धि हुने देखिन्छ। मातापिता वा पत्नीका साथ भ्रमण योग बनेको छ। शिक्षामा प्रगति, नोकरीमा सफलता, दाम्पत्य जीवनमा सुमधुरता बढ्ने देखिन्छ। साउन, असोज, मङ्सिर, वैशाख महीना आर्थिक दृष्टिले कमजोर रहेका छन्।

**कन्या-** यो वर्ष फलदायी नै रहला। गरेका काममा विस्तारै प्रगति र सफलता मिल्नेछ। शारीरिक समस्या देखा पर्ला। आर्थिक क्षेत्रमा सङ्घर्षपश्चात् सफलता मिल्नेछ। अनावश्यक धन खर्च हुने हुँदा सतर्कता आवश्यक छ। व्यापार-व्यवसायमा अलमल हुने, आमाबुबाको स्वास्थ्य उपचारमा धन खर्च हुनेछ। धार्मिक क्षेत्रमा अभिरुचि बढ्छ। बौद्धिक कार्यमा जस, यश मिल्नेछ। न्यायालयको काममा सफलताको योग छ। आफन्तको सहयोग, समर्थन मिल्ने वर्ष रहेको छ। यो वर्ष वैशाख, भदौ, कात्तिक र पुस महीना राम्रा छैनन्। सतर्कता आवश्यक छ।

**तुला-** यो वर्ष सामान्य रहने छ। चतुर्थ शनि अढैया दशाले गर्दा मनमा डर, बेचैनी र काममा विलम्ब हुन सक्छ। कसैमाथि धेरै विश्वास गर्नु राम्रो होइन। विलासितामा खर्च योग रहेको छ। व्यापार-व्यवसायमा थोरै लाभ हुनेछ। जग्गा-जमीन, घर, वाहन खरीद-बिक्रीमा घाटा लाग्ने देखिन्छ। दाजुभाइको उन्नति हुनेछ। आमाबुबाको स्वास्थ्य उपचारमा धन खर्च र मनमुटाव हुन सक्छ। विद्यार्थीहरूको पढाइमा मन नलाग्ने हुँदा पढाइ कमजोर हुन सक्छ। शत्रु पराजय हुने ग्रहयोग देखिन्छ। न्यायालयको काममा अलमल देखा पर्ला। वर्षका जेठ, असोज, कार्तिक र माघ महीनाहरू आर्थिक दृष्टिले त्यति शुभ छैनन्।

**वृश्चिक-** यो वर्ष उन्नतिकारक रहेको छ। सङ्घर्ष र परिश्रमबाट काममा सफलता मिल्नेछ। पत्नीको स्वास्थ्य उपचारमा धन खर्च हुने देखिन्छ। आफन्तसँग वैरभाव हुन सक्छ। नयाँ कामको थालनी हुने ग्रहयोग बनेको छ। आम्दानीमा वृद्धि हुनेछ। माङ्गलिक, धार्मिक र सामाजिक क्षेत्रका काममा सफलता मिल्नेछ। पढाइ-लेखाइ र शिक्षा क्षेत्रमा प्रगति एवं सफलता प्राप्त हुनेछ। नोकरीमा सफलता र व्यापार-व्यवसायका क्षेत्रमा लाभ मिल्ने वर्ष रहेको छ। वर्षका असार, कार्तिक र पुस महीना आर्थिक दृष्टिले शुभ छैनन्।

**धनु-** यो वर्ष अन्त्य साढेशाती शनि दशाले व्यर्थ भ्रमण, मानसिक बेचैनी र काममा विलम्ब हुन सक्छ। अनावश्यक वादविवाद, पारिवारिक झगडा हुने देखिन्छ। वर्षको उत्तरार्द्धमा आम्दानीमा वृद्धि हुनेछ। दाजुभाइसँग मनमुटाव हुने देखिन्छ। वायु विकार र पेटसम्बन्धी समस्या देखा पर्ला। अचल सम्पत्ति खरीद बिक्रीमा घाटा हुन सक्छ। व्यापार-व्यवसायबाट लाभ हुनेछ। कर्मचारीहरूका लागि पदोन्नति, यश, जस र सफलता मिल्ने वर्ष रहेको छ। वर्षका साउन, मङ्सिर, माघ र चैत महीनाहरू त्यति शुभ छैनन्। यो वर्ष शनि देवको शान्ति, जप, सुन्दरकाण्ड पाठ, पीपल पूजा गर्नाले अशुभ फलमा कमी आउने छ।

**मकर-** यो वर्ष अलमलमा बित्नेछ। शनिको साढेशाती छातीमा रहने हुँदा भय एवं उच्च रक्तचाप, वायु विकारजन्य रोग देखा पर्ला। कार्य क्षेत्रमा समस्या, मानसिक तनाव हुनेछ। नोकरीमा सरुवा हुने वा हट्ने/हटाउने जस्ता समस्या आउन सक्छ। आफ्नो स्वास्थ्यप्रति सचेत रहनुपर्ने देखिन्छ। सामाजिक मान-सम्मान, आमाबुबाको माया, सद्भाव र सहयोग मिल्नेछ। सन्तानबाट सुख शान्ति मिल्ने ग्रहयोग देखिन्छ। दाम्पत्य जीवनमा वैचारिक मतभेद हुन सक्छ। वर्षका भदौ, पुस, माघ र चैत महीना त्यति शुभ छैनन्। शनि शान्तिका लागि ॐ शं शनैश्चराय नमः मन्त्रको जप, देवी दर्शन, हनुमान चालिसा पाठ गर्न-गराउन आवश्यक छ।

**कुम्भ-** वर्ष सामान्य रहला। सिरमा शनिको साढेशाती रहेकोले मानसिक बेचैनी, काममा अलमल र अनावश्यक आकस्मिक धन खर्च हुन सक्छ। बुद्धिमानी तरीकाले घरायसी समस्याको समाधान आवश्यक छ। जग्गा-जमीन, घर, वाहन खरीद-बिक्रीमा विशेष सतर्कता आवश्यक छ। विद्यार्थी वर्गका लागि यो साल फलदायी रहने छ। पढाइ-लेखाइमा अभिरुचि बढ्नेछ। सन्तानमा धन खर्चको योग छ। मुद्दा-मामिलामा धन खर्च हुने देखिन्छ। व्यापार-व्यवसायमा लाभ-प्रगति र नोकरीमा समस्या आउने ग्रहयोग रहेको छ। पत्नीको स्वास्थ्य उपचारमा धन खर्च हुन सक्छ।

**मीन-** यो वर्ष फलदायी नै रहला। आफन्तजनबाट सहयोग, सद्भाव मिल्नेछ। डुबेको धन वा लगानी प्रयास गर्दा उठ्ने देखिन्छ। आम्दानीका नयाँ क्षेत्र फेला पर्ला। गीत-सङ्गीत क्षेत्रमा विशेष अभिरुचि बढ्ने छ। घर, वाहन र भूमि खरीदको योग रहेको छ। सामाजिक कार्यमा अभिरुचि बढ्ने छ। अध्ययन, अध्यापन क्षेत्रमा सफलताको योग छ। सन्तान प्रगति र सुख मिल्ने वर्ष रहेको छ। विरोधीहरू कमजोर हुँदै जालान्। दाम्पत्य जीवन सुमधुर देखा पर्ला। व्यापार व्यवसायमा लाभ, प्रगति हुनेछ। नोकरीमा पदोन्नतिको योग रहेको छ। वर्षको वैशाख, असार, कार्तिक र फागुन महीना त्यति शुभ छैनन्। बुद्धि पुऱ्याएर प्रयास र कर्म गर्नु भए यो वर्ष फलदायी नै रहने ग्रहगोचरबाट देखिन्छ। अस्तु!

# होटल तथा पर्यटन व्यवसायी सङ्घको आयोजनामा सम्मान कार्यक्रम

प्रस, वीरगंज, ३१ चैत/ होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साको आयोजनामा सोमवार राति वीरगंजका उद्योगी र सञ्चारकर्मीहरूलाई सम्मान गरिएको छ।




तस्वीरः प्रतीक

सम्मान कार्यक्रमका प्रमुख अतिथि संविधानसभा सदस्य एवं सङ्घका सल्लाहकार अनिल रुँगटाले वीउवासङ्घ र नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारी सदस्यहरूलाई सम्मान गरेका थिए। वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, द्वितीय उपाध्यक्ष हरि गौतम, तृतीय उपाध्यक्ष माधव राजपाल, सचिव प्रेमचन्द्र गोयल, कोषाध्यक्ष गोविन्द शाहलगायत सदस्यहरूलाई खाँदा, माला, अबीर-टीका र प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

यसैगरी, नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित पदाधिकारीमध्ये केन्द्रीय सचिव (मधेसी) दीपेन्द्र चौहान, प्रदेश महासचिव श्याम बन्जारा र जिल्ला अध्यक्ष अनुप तिवारी, उपाध्यक्ष युवराज खड्का, उपाध्यक्ष (महिला) सुषमा शर्मा, सचिव भूषण यादव, सहसचिव जीतेन्द्र साह, कोषाध्यक्ष सञ्जीव मिश्रलगायत कार्यसमितिका सदस्य, केन्द्रीय परिषद् सदस्य र प्रदेश परिषद् सदस्यसमेतलाई खाँदा, माला, अबीर-टीका र प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि रुँगटाले उद्योगी र सञ्चारकर्मीको समाजमा महत्त्वपूर्ण भूमिका हुने बताए। उनले दुवै पक्ष मिलेर समाजलाई समृद्धितर्फ अग्रसर गराउनुपर्ने सुझाव दिए।

कार्यक्रममा ज्येष्ठ नागरिक सङ्घका पूर्वअध्यक्ष पशुपति विक्रम शाह, उद्योग वाणिज्य सङ्घका अध्यक्ष गुप्ता, पत्रकार महासङ्घका सचिव (मधेसी) चौहान, प्रदेश महासचिव बन्जारा, जिल्ला अध्यक्ष तिवारी, प्रमुख सेनानी मदनजङ्ग राणा, प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्कालगायतले मन्तव्य व्यक्त गरेका थिए।

सङ्घका अध्यक्ष हरि पन्तको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत शेखर चौधरी र सहजीकरण नीरज पिठाकोठे मगरले गरेका थिए।

# वीरगंजमा एकै दिन दुईजना सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, ३१ चैत/ नारायणी अस्पतालमा मङ्गलवार कोरोना सङ्क्रमित एकजना युवक र एकजना वृद्ध गरी दुईजनाको मृत्यु भएको छ।



तस्वीरः प्रतीक

अस्पतालका प्रवक्ता डा सरोजरोशन दासले दुईजना सङ्क्रमितको मृत्यु भएको पुष्टि गरेका छन्। बिहान ३:३० बजे जीतपुरसिमरा उपमहानगर-९ निवासी ३७ वर्षीय युवकको मृत्यु भएको उनले बताए। उनलाई निमोनियाको समस्या थियो र कोरोना पोजिटिभ भएपछि अस्पतालको आइसोलेशनमा उपचार भइरहेको थियो। मृतक युवक भारतको हैदराबादबाट होलीमा घर आएका थिए।

यसैगरी, वीरगंज महानगर-३ प्रगतिनगर निवासी ६२ वर्षीय वृद्धको बिहान ८:२० बजे निधन भएको प्रवक्ता डा दासले बताए। उनलाई मधुमेह र रक्तचापको समस्या थियो।

# वनक्षेत्रमा नयाँ वर्षको चहलपहल शुरू

महोत्तरी, ३१ चैत/रासस

नयाँ वर्ष २०७८ को पूर्वसन्ध्यामा महोत्तरी जिल्लाको सुदूर उत्तरवर्ती वनक्षेत्रमा निकै चहलपहल बढेको छ।

नयाँ वर्षमा वनभोज (पिकनिक) र नाचगान, मनोरञ्जन गर्न वनक्षेत्र रोजाइँमा परेपछि एक दिन पहिले नै ठाउँ खोज्नेको सघन आवागमनले जिल्लाको उत्तरवर्ती वनक्षेत्रमा चहलपहल बढेको हो।

नयाँ वर्ष २०७८ मा वनभोज आयोजन गर्न बर्दिबास नगरपालिकाभित्र वनभोजस्थल मानिएका कारे-भोगटे, पञ्चधुरा माईस्थान परिसर, रातुपुल, कालापानी, बाँके, टुटेश्वरस्थान, राईमण्डल र रजवासमा टाढाटाढाबाट आएका युवा ठाउँ रोजेर सरसफाइ गर्ने र पाल टाङ्ने ठाउँ मिलाउन व्यस्त देखिएका छन्।

पहिले आउने समूहले ठूलाठूला चउर र धार्मिकस्थल वरिपरिको क्षेत्र रोज्ने तथा पछि आउनेले खोल्साखोल्सीका ठाउँ छेक्न लागेका देखिंदो छ। वनभोजस्थलमा ठाउँ नपाएपछि भित्री वनक्षेत्रका चउर र खोल्साखोल्सीमा वनभोजका लागि सरसफाइ गरिन लागिएका छन्। बर्दिबास नगरपालिकामा पर्ने पहिलेदेखिकै वनभोज स्थल र नयाँ छेकिएका ठाउँसमेत गरी ३०० भन्दा बढी समूहले ठाउँ छेकिसकेको पानीखोल्सी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष घनश्याम न्यौपानेले बताए।

बर्दिबास नगरपालिका क्षेत्रका यी ठाउँ नयाँ वर्ष मात्र नभएर अरू अवसरमा पनि आयोजना गरिने वनभोज कार्यक्रमका लागि छनोटमा पर्ने गरेका छन्। वनभोजका लागि ठाउँ छनोटमा तल्लीन भएका युवाले बर्दिबास नगरपालिका क्षेत्रका यी ठाउँमा खाना पकाउन दाउरा प्रशस्त पाइने, पूर्वपश्चिम राजमार्ग र विपी राजमार्गसँगै जोडिएकाले यातायात सहजता, प्राकृतिक सौन्दर्य र नदी नाला तथा ठाउँठाउँमा मनोरम छाँगा देखिने हुँदा रोजाइँमा पर्ने गरेको जिल्ला सदरमुकाम जलेश्वरबाट वनभोजको तयारीका लागि ठाउँ छनोट गर्न बाँके वनक्षेत्र आइपुगेको युवा टोलीका अगुवा विजयकुमार सिंहले बताए।

खासखास अवसरमा वनभोजका लागि यी ठाउँ आम रोजाइँमा पर्ने गरे पनि नगरपालिकाले वनभोजस्थलको योजनाबद्ध विकासका लागि चासो नै नदिएको गुनासो बढ्दो छ। नगरपालिका क्षेत्रका वनभोजस्थललाई व्यवस्थित गर

(बाँकी चौथो पातामा)




जिल्ला ट्राफिक प्रहरी कार्यालय, बारा निजगढको मूल प्रवेश मार्गमा राखिएको ट्राफिकको तस्वीर।
तस्वीरः गम्भीरा सहनी

# रमजान पर्व भोलिदेखि शुरू

विराटनगर, ३१ चैत/रासस

इस्लाम धर्मावलम्बीहरूको महान् पर्व रमजान भोलिदेखि शुरू हुने भएको छ। नयाँ वर्षसँगै रोजा पर्व शुरू हुनु सम्भवतः यो पहिलो भएको बूढापाकाहरू बताउँछन्।

यो पर्वमा एक महीनाभर मुस्लिम समुदायले बिहान सूर्योदय हुनुअघिदेखि सूर्यास्त नभएसम्म पानीसमेत खाँदैनन्। उर्दू पात्रो अनुसार बुधवार बिहान ४:१५ बाट बेलुका ६:२० बजेसम्म निराहार बस्नुलाई रोजा भनिन्छ। रोजाको समय दैनिक सूर्य उदाउने र अस्ताउने समयसँगै समयतालिका पनि परिवर्तन भइरहन्छ।

रोजा बस्न बिहान तोकिएको समयअगावै र बेलुका तोकिएको समयपछि आहार लिने गर्दछन्। रमजान उर्दू पात्रो अनुसार हिजरी संवत् १४४२ हो भने रमजान महीना नवौँ महीना हो। रमजान महीनामैं मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ कुरान अवतरण भएको हो भने यो महीनामा अल्लाहको कृतज्ञता प्राप्त हुने विश्वास छ।

दान दिनु, गरीब र दीनदुःखीलाई सेवा गर्नु, जकात निकाल्नु यो महीनाको ठूलो विशेषता हो। रमजान व्रत बस्न आज साँझ मुसलमानहरूले चन्द्रमा हेर्न आकाशतिर दृश्यावलोकन गर्ने र चन्द्रमा हेरेर आँधी रमाउने प्रचलन छ। सुनसरी चाँदवेलाका मोहम्मद इनुसले रमजान महीना हाम्रोलागि निकै महत्त्वपूर्ण एवं पवित्र हो र यसमा मुसलमानका पाँच आधारस्तम्भमा हजवाहेक सबै स्तम्भ पूरा हुने गर्दछ। शरीरलाई चोखो राखेर मात्र रोजा बस्नुपर्छ। कुलतमा लागेका मानिस एक महीना इमानदारीपूर्वक रोजा बस्न सक्यो भने चुरोट, खैनी, गुट्खा आदि पदार्थ खाने बानीमा परिवर्तन आउन सक्ने सुनसरी सोनापुरका हाजी मोहम्मद अब्दुलको भनाइ छ।

व्रतका बेला मुस्लिम समुदायले मस्जिदमा गई कुरानका केही भागका रूपमा नमाज पढ्ने गर्छन्। एक महीनापछि व्रत समापनका अवसरमा पनि सामाजिक दूरी कायम गरेर इदुल फित्र मनाइने तयारी भइरहेको बताइएको छ। त्याग, तपस्या र बलिदान सबै जोडिने यो पर्वमा मुसलमान रोजा बस्नुलाई गर्व मान्दछ। नाबालक, बिरामी, घातक रोग लागेका र गर्भवती महिलालाई रोजा बस्न अनिवार्य छैन।

देशभरका मुस्लिम समुदायले भक्तिको महीनाका रूपमा मनाउने भएकाले यसबाट पाप नाश हुने धार्मिक विश्वास रहेको छ। वर्षमा कुनै त्रुटि भएको भए यसै अवसरमा अल्लाहसँग क्षमायाचना गर्ने मुस्लिम समुदायको परम्परा छ।

# महामारीजन्य रोग रोकथामको लागि अन्तर्क्रिया

प्रस, सेढवा, ३१ चैत/ जीराभवानी गाउँपालिकाको आयोजनामा स्वास्थ्य शाखाले महामारीजन्य रोगको रोकथाम र निगरानीको लागि सरोकारवालासँग अन्तर्क्रिया गरेको छ।




तस्वीरः प्रतीक

अन्तर्क्रियामा जीवाणु वा जीवाणुविना हुने रोगको महामारीबाट समुदायलाई कसरी बचाउन सकिन्छ भन्ने विषयमा छलफल गरिएको थियो। सहभागीहरूलाई डा विकाशकुमार साहले हाल चलेको कोरोना भाइरस समुदायमा सर्न नदिन स्वास्थ्य मापदण्ड अपनाउन सुझाव दिए। उनले भीडभाड नगर्न, सामाजिक दूरी कायम गर्न, मास्कको प्रयोग गर्न र अनिवार्यरूपमा पटक-पटक साबुन-पानीले हात धुन सुझाव दिए। यी स्वास्थ्य मापदण्ड अवलम्बन गरेको खण्डमा कोरोना भाइरसको सङ्क्रमणबाट मुक्ति हुन सक्ने उनले जानकारी गराए।

कार्यक्रममा सहभागीहरूले सीमानाकाको मुख्य प्रवेशद्वारमा हेल्पडेस्क स्थापना गरी आवतजावत गर्नेहरूमाथि निगरानी गर्न सुझाव दिएका थिए। वडाध्यक्ष उमेशकुमार सिंहको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष उषादेवी थरुनी, सप्तनि केदार राई, स्वास्थ्य शाखा संयोजक सफिकुल अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

प्रतीक



# समस्त रोगको एउटा औषधि- तुलसी

**जीवेम शरदः शतम्**

**तुलसीको अमृतोपम गुण**

हरेक वस्तुमा दुई प्रकारको गुण हुन्छ- एउटा स्थूल र अर्को सूक्ष्म । मनुष्यको स्थूल गुण कामी, सिकर्मी, सोनार, वकिल, चिकित्सक आदिमा हुन्छ। सामान्य परिचय गराउँदा यही भनिन्छ कि सज्जन, वकिल, अध्यापक वा स्वर्णकार हो । सूक्ष्म गुण यसको अतिरिक्त हुन्छ। स्वभाव, विचार, भाव, सिद्धान्त, विश्वास आदिको परख गरेर, चिनेर व्यक्तिको सूक्ष्म गुण जान्न सकिन्छ। पशुलाई नै लिनुस्, गाई र भैंसी दुवै दूध दिने चौपाया हुन्, दुवैको दूध हेर्दा समान हुन्छ तर सूक्ष्म दृष्टिले हेर्दा यी दुवैको प्रकृति, सूक्ष्म सत्तामा आकाश–जमीनको फरक छ। यसै प्रकार नदी, पर्वत, वन, प्रदेश, वृक्ष, वनस्पति, धातुको पनि दुई सत्ता हुन्छ । स्थूल गुणलाई सबैले जान्दछन् । भौतिक विज्ञानको यन्त्रले तिनका रासायनिक विश्लेषण हुन्छ कि यस पदार्थको स्थूल गुण के हो ?

जड–चेतन सबैमा एउटा आफ्नै अन्तरङ्ग सूक्ष्म शक्ति हुन्छ। यसमा केही सूक्ष्म गुण हुन्छ, जसको भौतिक गुणभन्दा धेरै बढी सम्बन्ध हुँदैन । अध्यात्म विज्ञानको तत्त्वदर्शी आचार्य, हाम्रा पूजनीय महर्षिहरूले वस्तुको अन्तरङ्ग गुप्त शक्ति पत्ता लगाएका थिए र त्यसको लाभ उठाउन प्रयत्न गरेका थिए । स्थूलबाट सूक्ष्म शक्तिको धेरै बढी महत्त्व हुन्छ, यस सत्यलाई भारतीय ऋषिगणले राम्ररी जान्दथे । अब विज्ञानले पनि यसलाई स्विकार्न थालेको छ। होमियोपैथी चिकित्सा प्रणालीमा औषधिको सूक्ष्मताले नै त्यसलाई बढी शक्तिशाली हुने कारण मान्छ ।

जुन प्रदेशमा सूक्ष्म अन्तरङ्ग शक्ति, सतोगुणी, शान्तिमय एवं पवित्रतापूर्ण थियो, त्यहाँ तीर्थ स्थापित गरिएको छ। जुन नदीले आफूभित्र विशिष्ट तत्त्व धारण गरेको छ, त्यसलाई पूजनीय घोषित गरिएको छ । मथुरा, काशी, काँची, उज्जयिनी आदि पुरीहरू; रामेश्वर, बद्रीनाथ, द्वारिका, जगन्नाथ आदि तीर्थ; मानसरोवरजस्तै ताल; कैलाश, हिमालय, विन्ध्याचल आदि पर्वत; नैमिषारण्य आदि वन; गाई, गोरु जस्ता पशु; गरूडजस्ता पक्षी; पीपल, अमलाजस्ता वृक्ष; कुशजस्तो घाँस धार्मिक दृष्टिले पूजनीय मानिएको छ । कारण यो हो कि आफ्नो वर्गमा अरूको अपेक्षा यसको अन्तरङ्ग शक्तिमा सात्विकता बढी छ । यसको सान्निध्यबाट मनुष्यमा सतोगुण बढ्छ, पवित्रता आउँछ, चित्त शान्त हुन्छ । भौतिक गुणको अपेक्षा यसको आध्यात्मिक लाभ बढी छ। यसै दृष्टिले यसलाई धार्मिक सम्मान प्रदान गरिएको छ । यस धार्मिक महत्त्वको कारण बढी मानिस यसको सम्पर्कमा आएर बढी लाभ उठाउँछन्। यही दूरदृष्टि राखेर हाम्रा धर्माचार्यहरूले यसलाई पवित्र एवं पूजनीय घोषित गरेका थिए ।

यस प्रकारको पूजनीय वस्तुहरूमा तुलसीको स्थान निकै माथि छ। यसलाई हिन्दू धर्ममा उच्चकोटिको मान्यता दिइएको छ। पुराणमा यस्ता थुप्रै आख्यान छन्, जसमा तुलसीलाई भगवान् कृष्णको धर्मपत्नी बताइएको छ । यस प्रकार तुलसीलाई जगज्जननीको पद प्राप्त छ। तुलसीलाई वृन्दा पनि भनिन्छ। वृन्दाको अधिकताको कारण कृष्णको लीला–भूमिको नाम वृन्दावन राखिएको हो । तुलसीको महात्म्यले पुराणको अध्याय भरिएको छ, जसमध्ये केही श्लोकको अगाडि उल्लेख गरिएको छ।

तुलसीको सूक्ष्म शक्ति, सात्विकता, सरलता, कोमलता, भावुकतामय छ । यसको समीपताबाट यो गुण समीप रहने व्यक्तिले पनि प्राप्त गर्छ। तुलसीको माला धारण गर्नाले हृदयगत दुर्भावना शान्त हुन्छ र अनिद्रा, नराम्रो सपना, स्वप्न–दोष तथा हृदयको ढुकढुकीमा लाभ पुऱ्याउँछ। तुलसीको मालाबाट कुनै मन्त्र जप गर्नाले चित्त शान्त रहन्छ, कुविचारको तूफान आउँदैन । तुलसीको बिरुवा स्पर्श गरेर जुन वायु बग्छ, त्यो सासद्वारा भित्र जाँदा पवित्र भावनाको सञ्चार हुन्छ र ईश्वरतर्फ मन प्रवाह हुन थाल्छ, सतोगुणी विचारधारा मनमा गुञ्जिन्छ । जलमा तथा अन्य प्रवाही पदार्थमा मिलाउँदा तुलसीको सूक्ष्म शक्ति झनै बढी प्रस्फुटित हुन्छ । जलमा तुलसीको पात राखेर चरणोदक लिइन्छ, यसबाट तुरुन्त क्रोध शान्त हुन्छ, कामोत्तेजनाको दमन हुन्छ । दूध, दही, मधु मिश्रित पञ्चामृतमा तुलसी मिसाएर पिउँदा स्वर मधुरो हुन्छ, वाणीमा मिठास आउँछ, नम्रता एवं विनयको अभिवृद्धि हुन्छ। विविध अनुमानका साथ तुलसीको उपयोगबाट विभिन्न प्रकारको सूक्ष्म लाभ प्राप्त हुन्छ, तुलसीद्वारा आत्मोन्नतिको मार्ग प्रशस्त हुन्छ। आत्मोन्नतिको साथ–साथ सत्कर्म हुन्छ र सत्कर्मबाट लोक–परलोकमा सुख पाइन्छ। यसप्रकार तुलसी महात्म्यमा यसबाट पाप नाश र स्वर्ग प्राप्तिको फल बताइएको छ त्यो सच्चा हुन्छ ।

आरोग्य–शास्त्रको दृष्टिले तुलसीको अपरिमित लाभ छ, जसको वर्णन यस पुस्तकमा अगाडिको पृष्ठमा गरिने छ, तर यी लाभको अपेक्षा धेरै बढी महत्त्वपूर्ण आध्यात्मिक लाभ हो । मर्ने समय, रोगीको मुखमा तुलसी–पत्र राखिन्छ, जसबाट मृत्युको समयको शोक, सन्ताप र उद्वेष शान्त हुन्छ तथा पवित्र भावनाको साथ प्राणान्त हुन्छ । प्रायश्चित्तमा, भगवानको भोगमा, तुलसी–पत्र प्रधानरूपले प्रयुक्त हुन्छ । भेटको लागि तुलसी–दल सबैभन्दा सस्तो, सात्विक एवं महत्त्वपूर्ण पदार्थ हो । यसलाई जुन समय भेट गरिन्छ, त्यस समयसम्म सात्विक आध्यात्मिक वातावरण उत्पन्न हुन्छ । दुई हृदयलाई नजीक ल्याउन सद्भाव एवं मित्रता उत्पन्न गर्न यो भेटले आफ्नै एउटा निजी विशेषता राख्छ ।

ईसाई धर्म ग्रन्थमा यस्तो उल्लेख छ कि महाप्रभु इसालाई क्रूसमा चढाएर चिहानमा सुताएपछि उनको चिहानमा तुलसीको बिरूवा उत्पन्न भयो । ईसाका शिष्यले त्यसलाई ईश्वरको पुत्रको मूर्तिमान आशीर्वादको रूपमा ग्रहण गरे । पूर्वीय युरोपको गिरजामा अहिलेसम्म पूजिन्छ र सेन्ट वेसिल्स डे– तुलसी उत्सव दिवस मनाइन्छ । त्यहाँका महिला तुलसीको एउटा पल्लव लिएर गिरजाघरमा दैवी आशीर्वाद पाउन जान्छन् र त्यहाँबाट फर्कंदा त्यस पल्लवलाई आँगनमा प्रतिष्ठित गर्छन् । उनको विश्वास हुन्छ कि यस्तो गर्नाले आगामी वर्ष सुख, शान्तिका साथ व्यतीत हुन्छ ।

> **तुलसीद्वारा आत्मोन्नतिको मार्ग प्रशस्त हुन्छ । आत्मोन्नतिको साथ–साथ सत्कर्म हुन्छ र सत्कर्मबाट लोक–परलोकमा सुख पाइन्छ । यसप्रकार तुलसी महात्म्यमा यसबाट पाप नाश र स्वर्ग प्राप्तिको फल बताइएको छ त्यो सच्चा हुन्छ ।**

# भेलाहा र इच्छानगरका आगलागी पीडितलाई सहयोग

सञ्जीव मिश्र, विन्ध्यवासिनी, ३१ चैत/

विन्ध्यवासिनी गाउँपालिका-५ भेलहाका आगलागी पीडित परिवारलाई गाउँपालिकाले राहत वितरण गरेको छ। गाउँपालिका अध्यक्ष श्रीलाल साह मोदीले पीडित परिवारलाई मङ्गलवार राहत प्रदान गरेका हुन् ।



भेलहामा राहत वितरण गर्दै अध्यक्ष मोदी । तस्वीरः प्रतीक

शनिवार दिउँसो आगलागी हुँदा स्थानीय रूपलाल मुखिया, परमानन्द मुखिया, मेघराज मुखिया, बिकाउ मुखिया र मखुलाल मुखियाको घरगोठ जलेको थियो। प्रत्येक पीडित परिवारलाई चामल, दाल, चाउचाउ, तेल, नुन, सोयाबिन, आलुलगायतका खाद्य सामग्री वितरण गरिएको थियो ।

राहत वितरणको क्रममा गापा अध्यक्ष मोदीले भएको क्षति पूरा हुन नसक्ने भन्दै हावाहुरीको मौसममा आगलागीको सम्भावना बढी हुने भएकोले सावधानी अपनाउन पालिकावासीसँग आग्रह गरे ।

*माधव तिमिल्सिना, ठोरी/*

पर्साको ठोरी गापा–२ , इच्छानगरका आगलागी पीडितलाई निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिले राहत वितरण गरेको छ। मङ्गलवार उपभोक्ता समितिका पदाधिकारीहरू आगलागी प्रभावित क्षेत्र इच्छानगर पुगेर खाद्यान्नलगायतका राहत उपलब्ध गराएको निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले जानकारी दिए ।

समितिले आगलागी पीडित परिवारलाई भेटेर चामल ४ बोरा, भुजा १ बोरा, चाउचाउ, दाल, तेल, नूनलगायतका राहत सामग्री उपलब्ध गराएको अध्यक्ष बस्नेतले बताए । सो अवसरमा उपभोक्ता समितिका यादवराज कुँवरलगायतको सहभागिता थियो ।

बितेको शनिवार अपराह्न लागेको आगलागीबाट ठोरी–२ इच्छानगरका कृष्णबहादुर नगरकोटी र रामबहादुर प्रजाको घरगोठ पूर्णरूपमा जलेर नष्ट भएको थियो ।

आगलागीबाट नगरकोटीको सुनचाँदी, नगदी धनमाल र अन्नपात गरेर करीब १० लाख मूल्यबराबरको क्षति भएको प्रहरीले जनाएको छ। यस्तै, नगरकोटीकै ससुरा पर्ने प्रजाको सुनचाँदी, गरगहना, नगद र अन्नपात गरेर ५ लाख मूल्यबराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ भने आगलागीकै कारण ९० मुरी धानसमेत जलेर नष्ट भएको पीडितको भनाइ छ ।



इच्छानगरमा राहत दिंदै उपभोक्ता समितिका पदाधिकारी । तस्वीरः प्रतीक

# सुनचाँदी व्यवसायीको हत्यापछि शारडाको घरमा लुटपाट

प्रस, सिराहा, ३१ चैत/

हतियारधारी लुटेरा समूहले लहानमा फेरि अर्का व्यवसायीहरूको घरमा लुटपाट गरेको छ । लहानकै एक सुनचाँदी व्यवसायीको हत्या गरेको घटना लगत्तै सोमवार साँझ लुटेरा समूहले फेरि अर्का सुनचाँदी व्यवासायीको घरमा लुटपाट गरेका हुन्। लहान नगरपालिका–७ स्थित सुनचाँदी व्यवसायी राजेश शारडाको घरमा लुटेराहरू समूहले लुटपाट गरेका हुन् । सोमवार साँझ करीब ७ बजे व्यवसायी शारडाको घरमा प्रवेश गरेका लुटेरा समूहले शारडाका बुबा र पत्नीको कञ्चटमा पेस्तोल तेर्साएर कुटपिट गर्दै लुटपाट गरी भागेको पीडित परिवारका सदस्यहरूले बताएका छन् ।

६/७ जनाको समूहमा आएका लुटेराहरूको कुटपिटबाट व्यवसायी शारडाका बुबा भागीरथ र पत्नी घाइते भएका छन् । घाइते दुवैको लहान अस्पतालमा उपचार भइरहेको र स्थिति खतरामुक्त रहेको प्रहरीले जनाएको छ । लुटपाट गरेपछि लुटेराहरूले शारडाकै बा.१०च ९३०२ नम्बरको जीप लिएर भागेका थिए । उक्त जीप जिल्लाको कल्याणपुर नगरपालिका वडा नं १२ स्थित कच्ची सडकमा सोही रात फेला परेको इलाका प्रहरी कार्यालय लहानका प्रनाउ तपनकुमार दाहालले बताए। गाडी हिलोमा फसेपछि स्टार्ट अवस्थामैं छाडेर लुटेराहरू भागेका थिए। एउटा जीप हिजो फसेको कुरा स्थानीयले प्रहरीलाई खबर गरेपछि उक्त स्थलमा तुरुन्तै प्रहरी पुगेको थियो। लुटेराले शारडाको घरबाट लुटपाट गरेको सुनचाँदीको गहना र नगदसमेत जीपमा फेला परेको प्रहरीले जनाएको छ ।

बितेको शनिवार राति मात्रै लहान नगरपालिका–२३ का सुनचाँदी व्यवसायी ४० वर्षीय प्रदीप विश्वकर्माको लुटेरा समूहले गोली हानी हत्या गरेको थियो ।

**वन क्षेत्रमा नयाँ वर्ष.......**

ठाउँको सौन्दर्य वृद्धि हुनुका साथै सश्शुल्क ठाउँ दिने परिपाटी बसाउन सके नियमित आम्दानीको स्रोतसमेत बन्ने कुरालाई नगरपालिका नेतृत्वले बुझ्न आवश्यक रहेको बर्दिबास–१ की बासिन्दा सामाजिक, राजनीतिक कार्यकर्ता प्रतिमा कोइरालाले बताइन् ।

नगरक्षेत्रका टुटेश्वरधाम, पञ्चधुरा माईस्थान, राईमण्डल, कालापानी स्मृतिपार्क र पाटुनजीकैका कारे–भोगटे पुल क्षेत्र मुख्य रोजाइँका वनभोजस्थल हुन् ।

यीबाहेक रातु पुल, खयरमारा वनक्षेत्र, गौरीडाँडास्थित स्मृतिपार्क र पूर्वपश्चिम राजमार्गभन्दा उत्तरतर्फका वनक्षेत्रभित्रका नदी तट वनभोज गर्नेको रोजाइँमा पर्ने गरेको देखिएको छ। यी ठाउँलाई 'वनभोजस्पट' का रूपमा विकास गर्न योजनाबद्धरूपमा लागिएको बर्दिबास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले बताए । "हामीले पर्यटकीय महत्त्वका धार्मिकस्थल तथा वनभोजस्थलहरूको सौन्दर्य वृद्धि र विकासका लागि योजनाबद्ध काम थालेका छौं," उनले भने, "यस क्रममा कतिपय स्थानको डिपिआर (विस्तृत योजना प्रतिवेदन) बनेका छन्, कति बन्ने क्रममा छन् ।" बनेका प्रतिवेदन अनुसार काममा लागिने नगरप्रमुख कार्कीको भनाइ छ ।

यसैबीच, वनभोजका लागि भित्री जङ्गलका चउर र खोल्साखोल्सीसमेत छेकिन थालेपछि वनक्षेत्रको सुरक्षामा पनि सचेतता अपनाउन आवश्यक देखिएको वनक्षेत्र वरिपरिका बासिन्दाको भनाइ छ। यस्तो जमघटले वन्यजन्तु बिच्कने र छुल्याहाहरूले वनमा डढेलो लगाउन सक्ने हुँदा वनसम्बद्ध कार्यालय, नगरपालिका र सामुदायिक वन उपभोक्ता समितिको सजगता आवश्यक देखिएको बर्दिबास–५ चेरुस्थित इच्छेश्वर माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रदीप अधिकारीको सुझाव छ ।

# सालको गोलियासहित दुईजना पक्राउ

प्रस, बिरुवागुठी, ३१ चैत/

पर्सागढी नगरपालिका–१ मनवाबजारबाट गएराति सबडिभिजन वन कार्यालय बडनिहारले सालको गोलियासहित दुईजनालाई पक्राउ गरेको छ।



पक्राउ परेका दुईजना र बरामद भएको काठ । तस्वीरः प्रतीक

नजीकको जङ्गलबाट वन फँडानी गरी साइकलमा काठ लोड गरेर ल्याउने क्रममा वनगस्ती टोलीले पक्राउ गरेको जमदार अर्जुन चौधरीले बताए ।

करीब १० क्युफिट सालको गोलियासहित पर्सागढी नगरपालिका–८ हरपुर निवासी ३० वर्षीय रेखा माझी र २७ वर्षीय कन्हैया रामलाई पक्राउ गरेको जमदार चौधरीले बताए । अगाडि साइकलमा काठ लग्दै र पछाडि रामले मोटरसाइकलबाट लाइन मिलाउँदै हिंडेको देखिएकोले निजको ना.५४प ६५२८ नं.को मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जमदार चौधरीले बताए ।

# भैंसीको डोरीमा अल्झिएर वृद्धाको मृत्यु

प्रस, सप्तरी, ३१ चैत/

भैंसी बाँधेको डोरीमा अल्झिएर सप्तरीमा एकजना वृद्धाको मृत्यु भएको छ । मृत्यु हुने जिल्लाको बलान बिहुल गाउँपालिका–३ महुवा निवासी ७० वर्षीया जयावतीदेवी मण्डल रहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार डोरीले डोऱ्याउँदै खेतमा भैंसी चराउन लगिरहेको अवस्थामा एक्कासि भैंसी उफ्रिएर दौडिएपछि वृद्धाको शरीर डोरीमा अल्झिएर घिसारिएको थियो ।

भैंसीले घिसार्दा उनको टाउको, अनुहारसहित शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भएकी थिइन्। उनलाई भैंसीले करीब दुई सय मिटर जति घिसारेको थियो । घाइते वृद्धालाई उपचारका लागि राजविराजतर्फ लैजाँदै गर्दा बाटोमैं मृत्यु भएको हो ।

## फूलबारीमा फूल टिप्दै कर्मचारी



चाँगुनारायण नगरपालिका–२ दुवाकोटमा "जेन्युयन कट फ्लावर" कम्पनीले उत्पादन गरेको फूलबारीमा गुलाबको फूल टिप्दै कर्मचारी । कम्पनीले करीब ६ रोपनी जमीनमा सञ्चालन गरेको नर्सरीमा वर्षको चारपटक फूल उत्पादन हुने गरेको छ । अहिले एउटा फूलको होलसेलमा रु १८ देखि २५ मा बिक्री हुने गरेको छ । तस्वीरः रासस

# अन्तर्राष्ट्रिय समाचार

## क्रिप्टोकरेन्सी: २० खर्ब डलरको विश्व बजार

लन्डन, ३१ चैत/एएफपी

सन् २०२१ मा क्रिप्टोकरेन्सी बजार




तीव्र गतिमा वृद्धि भएर यसको बजार मूल्य झन्डै २० खर्ब डलरको पुगिसकेको छ। वाल स्ट्रीटसमेतका ठूला नामहरूलाई यसले आफूतिर आकर्षित गरिरहेको छ।

डिजिटल मुद्रा क्वाइनबेस न्यूयोर्कमा मङ्गलवार सूचीकृत हुँदैछ। १२ वर्षअघि स्थापित क्वाइनबेसको सफलताका बारेमा एएफपीले अनुसन्धान गरेको छ।

**बिटक्वाइन**

विश्वव्यापी वित्तीय सङ्कटको उभार चलिरहेको अवस्थामा सन् २००८ अक्टोबर ३१ मा एक/दुई जना अज्ञात व्यक्ति, जसलाई सातोशी नाकामोतोको काल्पनिक नामबाट चिनिन्थ्यो, ले बिटक्वाइनका बारेमा श्वेतपत्र प्रकाशन गरे।

श्वेतपत्रमा भनिएझैं यसको मुख्य लक्ष्य नै भुक्तानीको एउटा चलायमान र विनाअवरोधको विद्युतीय साधन निर्माण गर्नु थियो। यस्तो भुक्तानीलाई देशका केन्द्रीय बैंक वा वित्तीय संस्थाको निगरानीबाट सुरक्षित राख्ने अर्को लक्ष्य थियो। यस्तो कारोबारलाई सफ्टवेयरबाट नियमन गर्ने बनाइयो, जहाँ यसका नियमलाई परिवर्तन गर्न लगभग असम्भव हुन्थ्यो।

कुनै पनि व्यक्तिले नयाँ बिटक्वाइन आफ्नो बनाउन सक्थ्यो, र यसका लागि विशाल तथ्याङ्क केन्द्रको जरूरत हुन्थ्यो। र यसका निम्ति क्वाइनबेस जस्ता प्लेटफर्मले क्रिप्टोकरेन्सीको व्यापारलाई सहजीकृत गरेको थियो।

बैंक र पे पलबाट उपलब्ध निश्चित डिजिटल मुद्राहरूले पनि भुक्तानी र कारोबारलाई सहजीकरण गरिरहेका छन्।

सन् २००९ को शुरूमा पहिलो लटमा ५० थान बिटक्वाइन सिर्जना गरिएयता हालसम्म झन्डै एक करोड ८७ लाख बिटक्वाइन बनाइएका छन्। नाकामोतोले दुई करोड १० लाख बिटक्वाइन बनाउने श्वेतपत्रमा लेखेका छन्।

**लगानी**

बिटक्वाइनबाट हुने सीमित भुक्तानी र यसको अस्थिरताका बावजूद सुनजस्तो बहुमूल्य वस्तुलाई पनि यसले उछिन्ने अनुमान गरिएको छ। पछिल्ला दिनहरूमा सुनभन्दा बिटक्वाइनमा लगानी बढ्ने आँकलन गर्न थालिएको छ।

नाइजेरियामा हालैका वर्षहरूमा डलरको तुलनामा आफ्नो मुद्रा नाइरालाई ५० प्रतिशतले अवमूल्यन गरिएको छ। नाइजेरियामा हाल झन्डै एक तिहाइ मानिसले क्रिप्टोकरेन्सी प्रयोग गर्न थालेको दाबी गरिएको छ।

सन् २०१८ मा बिटक्वाइनको मूल्यमा गिरावट आए पनि गत वर्षको अन्त्यदेखि फेरि यसको मूल्य अकासिएको छ। गत वर्ष अक्टोबरमा प्रतिबिटक्वाइनको मूल्य १२ हजार डलर रहेकामा एक महीना अघिमात्र यसको मूल्य ६० हजार डलरभन्दा बढी पुगेको छ।

यस पृष्ठभूमिमा केन्द्रीय बैंक र बजार नियामकहरूले बिटक्वाइनको अस्थिरताका बारेमा सर्वसाधारणलाई सचेत रहन चेतावनी दिएका छन्। उनीहरूले साना लगानीकर्ताले ज्यादै बढी नोक्सानी बेहोर्नुपर्ने खतरा औंल्याइरहेका छन्।

तर स्पष्ट के छ भने केही व्यक्ति एवं कम्पनीले बिटक्वाइनबाट ठूलो लाभ प्राप्त गरेका छन्। यही पक्षलाई विचार गरी प्रमुख केन्द्रीय बैंकहरूले आफ्नै डिजिटल मुद्राको सम्भाव्यता अध्ययन गर्न थालेका छन्।

विद्युतीय कार निर्माता टेस्लाले हालै मात्र बिटक्वाइनमा एक अर्ब ५० करोड डलर लगानी गरेको छ। गत मार्चदेखि टेस्लाले कारको भुक्तानीका लागि यही मुद्रालाई स्वीकार्न थालेको छ।

टेस्लाका अर्बपति प्रमुख कार्यकारी एलन मस्कले क्रिप्टोकरेन्सीका गुणका बारेमा सामाजिक सञ्जालमा पनि खुलेरै लेखेका छन्।

**अन्य क्रिप्टोकरेन्सीहरू**

बिटक्वाइनका प्रतिस्पर्धी रूपमा धेरै किसिमका क्रिप्टोकरेन्सी विश्व बजारमा छन्। बजारमा दोस्रो स्थानमा हाल इथेरियम छ, र यसको मूल्य यसै साता २ हजार डलरभन्दा माथि पुगेको छ।

क्रिप्टोकरेन्सीको बजार समग्रमा २० खर्ब डलरभन्दा माथि पुगिसकेको क्वाइनमार्केटएपले जनाएको छ। यसले ९ हजारभन्दा बढी क्रिप्टोकरेन्सी सूचीकृत गरेको छ।

केही क्रिप्टोकरेन्सीलाई "स्टाबलक्वाइन्स" पनि भन्ने गरिएको छ, जसको मूल्य अमेरिकी डलर बराबर हुने गरेको छ। यी मुद्रामा बिटक्वाइनमा देखिएजस्तो अस्थिरता छैन। रासस

## भारतद्वारा रूसी खोप "स्पुतनिक भी"लाई अनुमति

नयाँ दिल्ली, ३१ चैत/एएफपी

भारतले कोभिड–१९ विरुद्धको रूसी खोप 'स्पुतनिक भी'लाई आपत्कालीन प्रयोगका लागि अनुमति दिएको छ।

कोभिड सङ्क्रमितको सङ्ख्या तीव्र गतिमा बढेसँगै भारतले खोप अभियानलाई गति दिन रूसी खोपलाई अनुमति दिएको खोप उत्पादक कम्पनीले जनाएको छ।

भारतमा रूसी खोप उत्पादन र वितरणको जिम्मेवारी लिएको डा रेड्डीज ल्याबोरेटोरिजका सहअध्यक्ष एवं व्यवस्थापन निर्देशक जिभी प्रसादले जारी गरेको विज्ञप्तिमा भारतमा स्पुतनिक भी खोपलाई आपत्कालीन प्रयोगका लागि अनुमति प्राप्त गरेकामा निकै खुशी लागेको उल्लेख छ।

भारतमा हाल सेरम इन्स्टिच्युटले उत्पादन गरेको अस्ट्राजेनिकाको कोभिसिल्ड र भारत बायोटेकको कोरोनाभ्याकलाई अनुमति दिइएको छ। भारतमा हाल दैनिक कोभिड सङ्क्रमितको सङ्ख्या एक लाख बढी छ।

रसियन डाइरेक्ट इन्भेस्टमेन्ट फन्ड (आरडिआइएफ)को आर्थिक सहयोगमा विकास गरिएको स्पुतनिक भीलाई भारतमा उत्पादन अनुमति दिइएको छ। भारतमा यो खोप ८५ करोड २० लाख डोज उत्पादन हुनेछ।

आरडिआइएफका प्रमुख कार्यकारी किरिल डिभिट्रिभले पनि एक विज्ञप्ति प्रकाशन गरी स्पुतनिक खोपलाई भारतमा अनुमति प्राप्त हुनु ज्यादै खुशीको कुरा हो भनेका छन्।

भारतमा हालसम्म करीब एक करोड ८ लाख मानिसलाई खोप दिइसकिएको छ। भारत विश्वकै ठूलो खोप उत्पादक




राष्ट्र हो।

जुलाईको अन्त्यसम्ममा करीब ३० करोड मानिसलाई खोप दिइसक्ने भारतको महत्त्वाकाङ्क्षी योजना छ। तर खोपको कमीले भारतका केही राज्यमा समस्या उत्पन्न भएको छ। भारतले हाल खोप निर्यातमा ढिलाइ गरेर आफ्नै देशमा खोप वितरणलाई तीव्रता दिएको छ। रासस

## जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न डब्लुएचओको आग्रह

जेनेभा, ३१ चैत/एएफपी

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)ले नयाँ–नयाँ किसिमका रोगहरूको उत्पत्ति रोक्न खाद्य बजारमा जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न मङ्गलवार आग्रह गरेको छ।

डब्लुएचओले ठूलो जनसङ्ख्यालाई खाद्य तथा जीविकोपार्जन जुटाउन परम्परागत बजारले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको भएपनि जीवित जङ्गली जीवजन्तुको बेचबिखन रोक्न सकिए बजारमा काम गर्ने कामदार र ग्राहकको स्वास्थ्य सुरक्षित तुल्याउन सघाउने बताएको छ।

चीनको वुहानमा भेटिएका कोभिड–१९ सङ्क्रमितहरूको सम्बन्ध स्थानीय परम्परागत खाद्य बजारसँग देखिएको भन्दै डब्लुएचओले सुरुआती दिनमा भेटिएका सङ्क्रमितहरू खाद्य स्टलका मालिकहरू, बजारका कामदारहरू वा बजारमा नियमित आउजाउ गर्नेहरू नै रहेको जनाएको छ।

यो अन्तरिम निर्देशिका विश्व जीव स्वास्थ्य सङ्गठन (ओआइई) र राष्ट्रसङ्घीय वातावरण कार्यक्रम (युनेप)को सहकार्यमा निर्माण गरिएको हो।

डब्लुएचओले जीवित जङ्गली स्तनधारी जीवजन्तुहरू खाद्य बजारमा ल्याएर बेचबिखन गर्नु वा राख्नु निकै हानिकारक हुने जनाएको छ। जीवित स्तनपायी जनावरलाई खाद्य बजारहरू खासगरी माछामासुको किनबेच हुने बजारमा नराख्न सदस्य मुलुकलाई आग्रह गरिएको डब्लुएचओले बताएको छ।

डब्लुएचओले भनेको छ, "जनावरहरू, खासगरी जङ्गली जनावरहरू, ले मानिसमा देखा पर्ने नयाँ सङ्क्रामक रोगहरू ल्याउन ७० प्रतिशतभन्दा बढी भूमिका खेल्ने गरेका छन्। जङ्गली जनावरहरू नयाँ किसिमका रोगहरूका मुख्य स्रोत नै हुन्।"

डब्लुएचओले पर्याप्त जोखिम मूल्याङ्कन नगरी यस्ता जङ्गली स्तनपायी जनावर काटमार नगर्न, अन्य खाद्य पसलमा नराख्न र यस्ता जोखिमयुक्त बजारहरू तत्काल बन्द गराउन पनि सरकारहरूसँग आग्रह गरेको छ। रासस

## सरकारी कार्यालयमैं स्वास्थ्य मापदण्ड पालना भएन



जिल्ला प्रशासन कार्यालय, पर्सामा नागरिकता, राहदानीलगायतको काम गराउन सर्वसाधारणको भीड।





मालपोत कार्यालयमा सेवाग्राहीहरूको भीड र जिप्रका, पर्साको हातामा राखिएको प्रयोगविहीन पानी टचाङ्की। तस्वीरः प्रतीक

प्रस, वीरगंज, ३१ चैत/

कोभिड सङ्कट व्यवस्थापन समिति, पर्साले पटक–पटक स्वास्थ्य मापदण्ड अपनाउन र घरबाहिर निस्किदा अनिवार्यरूपमा मास्कको प्रयोग गर्न आग्रह गरे पनि सो आग्रहलाई सरकारी कार्यालयहरूले नै बेवास्ता गरेका छन्।

कोभिड सङ्कट व्यवस्थापन समिति रहेको जिल्ला प्रशासन कार्यालय, पर्सामैं स्वास्थ्य मापदण्ड अपनाइएको छैन। त्यहाँ पुग्ने सेवाग्राहीमध्ये अधिकांशले मास्क लगाउँदैनन्।

पहिलो चरणको कोरोनाकालमा साबुन–पानीले हात धुने व्यवस्था गरिएको भएपनि कसैले पनि सो कार्य गर्दैनन्। पानीले भरिएको टचाङ्की र साबुन त्यत्तिकै राखिएको छ। सामाजिक दूरीको कुरै भएन।

नागरिकता र राहदानीको लागि लाग्ने भीड पूर्ववत्रूपमा छ। यसैगरी, मालपोत कार्यालय पर्सा, नापी कार्यालय, यातायात कार्यालयलगायत भीड हुने सरकारी कार्यालयमा पनि स्वास्थ्य मापदण्ड अपनाइएको छैन।

साबुन–पानीले हात धुने व्यवस्था छैन भने मास्क नलगाएको पनि कसैले नियमन गर्दैन। भीडभाडका साथ सो कार्यालयहरूमा सेवाग्राहीहरूले काम गराइरहेको देखिन्छ।

## घरायसी विवादका कारण किशोरीद्वारा आत्महत्या

प्रस, पंचगावाँ, ३१ चैत/

जीराभवानी गाउँपालिका–५ शङ्करसरैयामा एकजना किशोरीले आत्महत्या गरेकी छन्। नेरामावि सुगौलीदापमा कक्षा ११ मा अध्ययनरत २१ वर्षीया मञ्जीता कुमारीले सोमवार साँझ आत्महत्या गरेको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानमा घरायसी समस्याका कारण आत्महत्या गरेको बुझिए पनि अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। मञ्जीताको निधनमा आज पटेर्वासुगौली गापा–४ मा रहेका सातवटा सामुदायिक विद्यालय बन्द भएका छन्। नेरामावि सुगौलीदापका प्रअ मोहनदास थारूले छात्राको निधनको शोकमा विद्यालय बन्द गरिएको बताए।

## निम्बसको आयोजनामा ३४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३१ चैत/

निम्बस प्रालि वीरगंजद्वारा आयोजित रक्तदान कार्यक्रममा ३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्रमुख उदयराज शर्माले बताए।

वीरगंज–१४ बहुअरीमा आयोजित रक्तदान कार्यक्रममा ललन कुर्मी, रोहित मण्डल, रामबाबू कुर्मी, सञ्जीव फुयाँल, पुनिलाल प्रसाद, रामचन्द्र पटेललगायतले रक्तदान गरेको प्रमुख शर्माले बताए।




रक्तदान कार्यक्रममा केन्द्रका सुजीत पटेल, लीलाधर साह, भूषण जयसवाल, उदय जयसवालले प्राविधिक सहयोग पुऱ्याएका थिए।

### एक महीनासम्म.....

अनलाइन कक्षा सञ्चालन गर्नुपरेको छ।"

**छ लाख पुग्ने प्रक्षेपण**

मन्त्री त्रिपाठीले अहिलेको अवस्थामा सङ्क्रमण बढ्दै गए असारको अन्तिमसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको जानकारी दिए। "अहिले सङ्क्रमण बढिरहेको अवस्थामा दैनिक ११ हजार र असारसम्म छ लाख सङ्क्रमित पुग्ने प्रक्षेपण गरिएको छ," उनले भने। उनले सङ्क्रमण बढ्न नदिनका लागि सीमानाकाबाट आउनेको परीक्षण गर्ने र सङ्क्रमण देखिएपछि आइसोलेशन सेन्टरमा राखिने बताए। उनले नेपाल– भारतको मुख्य सीमानाकामा एक हजार अट्ने खालको होल्डिङ सेन्टर राख्ने निर्माण गर्ने कार्य भइरहेको जानकारी दिए। उनले बन्दाबन्दी अवस्था आउनुभन्दा अगाडि नै रोकथाम र नियन्त्रण गरिने गरी तयारी गरिएको बताए।

"गत वर्षदेखिको अनुभव र भौतिक पूर्वाधारको तयारीले हामी बन्दाबन्दीमा नगएर रोकथाम र नियन्त्रण गर्न सक्षम छौं," उनले भने, "मुलुकलाई बन्दाबन्दीसम्म पुग्न दिंदैनौं।"

मन्त्री त्रिपाठीले सङ्क्रमणको दर बढ्दै गएकाले काठमाडौं उपत्यकामा रहेका अस्पताललाई तयारी अवस्थामा राख्न निर्देशन दिइएको जानकारी दिंदै पहिलेको भाइरसले एकजनाबाट ६ जनामा सङ्क्रमण सारे पनि अहिलेको नयाँ भाइरसले एकजनाबाट ४० जनामा सङ्क्रमण सार्न सक्ने बताए। उनले अर्थतन्त्रभन्दा जनताको जीवन ठूलो भएकाले सरकारले जनताको जीवनलाई महत्त्वपूर्ण मानेर रोकथाम र नियन्त्रण गरिने बताए।

**भारतमा सङ्क्रमण बढेकाले खोप आउन ढिलाइ**

मन्त्री त्रिपाठीले भारतमा सङ्क्रमण ह्वात्तै बढेकाले कोभिड–१९ को खोप आउन ढिलाइ भएको जानकारी दिए। "खोप उत्पादक कम्पनीको स्थानीय एजेन्टले विनालगानी १० प्रतिशत कमिशन मागेपछि २५ दिन ढिला भयो," उनले भने, "तर सम्झौता हुने बेला भारतमा सङ्क्रमण बढेपछि त्यहाँका सरकारले आयात रोकिएका कारण नेपालमा खोप आउन सकेन।" उनले चाँडै नै १० लाख मात्रा खोप ल्याउने जानकारी पनि दिए।

**स्वास्थ्य सचिव चाँडै**

मन्त्री त्रिपाठीले मन्त्रालयले स्वास्थ्य सचिव पनि चाँडै नियुक्त गर्ने जानकारी दिए। उनले मन्त्रालयमा रहेको स्वास्थ्य सचिवको दरबन्दी अहिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गएकाले नियुक्तिमा ढिलाइ भएको जानकारी दिए।

"पहिले यहाँ रहेको स्वास्थ्य सचिवको दरबन्दी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा गएको छ," उनले भने, "अब त्यो दरबन्दी यहाँ ल्याएर स्वास्थ्य सचिव हामी १०–१५ दिनमा नियुक्त गर्नेछौं।"

**लोकसेवाको तयारी**

निजामती सेवाः शाखा अधिकृत, प्राविधिक सहायक (प्रा.स.), नायब सुब्बा, महिला विकास निरीक्षक, खरिदार, अमिन (सर्वेक्षक), विद्यालय निरीक्षक, कृषि तथा भेटेनरी जेटिए)

शिक्षक सेवाः माध्यमिक तह, निमावि तह, प्राथमिक तह, टिचिङ लाइसेन्स, त्रि.वि. सेवा आयोगका विभिन्न तह

ACHIEVERS INSTITUTE

Birgunj-8, Panitanki (Near Decimal College)
9823389488, 9865415634, 9811299300

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# नारायणीमा आइसियू, आइसोलेशन र सस्पेक्टेड शय्याको व्यवस्था

प्रस, वीरगंज, ३१ चैत/

नारायणी अस्पतालले कोरोना सङ्क्रमित बढेसँगै आइसियू, आइसोलेशन र सस्पेक्टेड शय्याको निर्माण गरेको छ।


कोरोना सङ्क्रमितको लागि बनाइएका शय्याहरू। तस्वीरः प्रतीक

अस्पतालका स्टोरकीपर सुशील यादवले सरकारको निर्देशनमा सघन उपचार कक्षको माथिल्लो तलामा कोरोना उपचार केन्द्र बनाइएको बताए। उनले अस्पतालको स्रोतसाधनबाट तत्काल यसअघि गण्डक र वीरगंज हेल्थकेयरमा रहेको उपकरण प्रयोग गरेर भेन्टिलेटरसहितको १० शय्याको आइसियू, १७ शय्याको आइसोलेशन र १५ शय्याको सस्पेक्टेड वार्ड निर्माण गरिएको बताए।

कोरोनाको शङ्का लागेका बिरामीहरूलाई पिसिआर परीक्षण रिपोर्ट नआउन्जेल सस्पेक्टेड वार्डमा राख्ने र रिपोर्ट आएपछि सोही अनुसार उपचार गर्ने विधि अपनाइएको जानकारी गराए।

सरकारले कोभिड व्यवस्थापनको लागि अति सघन उपचार कक्ष बनाउन रु १ करोड ४५ लाख र औषधि खरीद तथा प्राविधिक सहयोगको लागि रु ६० लाखसमेत ३ करोड २५ लाख पठाएको स्रोतले जनाएको छ।

अस्पतालले सरकारले पठाएको रकम अनुसार टेन्डर प्रक्रियाबाट काम गराउने जनाएको छ।

# अवैधरूपमा बोइलर कुखुराको आयात

प्रस, पोखरिया, ३० चैत/

पर्सा जिल्लामा भारतीय कुखुराको आयात रोकिएको छैन। सरकारले पशुपक्षी आयातमा प्रतिबन्ध लगाएको र हालको अवस्थामा बर्डफ्लु तथा कोरोना सङ्क्रमण बढे पनि सीमा क्षेत्रमा अवैधरूपमा बोइलर कुखुराको आयात जारी छ।


तस्वीरः प्रतीक

सीमा क्षेत्रमा तैनाथ दुवैतर्फका सुरक्षाकर्मीहरूलाई आर्थिक प्रलोभनमा पारेर अहिले व्यापकरूपमा बोइलर कुखुरा नेपाल भित्रिँदै छ। भारतीय सीमा सिकटा, इनर्वा, भेलाही, भिष्वा, जानकी टोलालगायतका ठाउँबाट बिहान २ देखि ४ बजेसम्म र राति ९ देखि १२ बजेसम्म तस्करीको लागि समय प्रदान गरिएको स्रोतले जनाएको छ। अहिले पर्सा जिल्लामा बोइलर कुखुराको दाम दिनानुदिन बढ्दै छ। यहाँका फार्महरूमा कुखुराको उत्पादन कम र माग बढी भएको कारण भारतबाट आयात गर्ने क्रम रोकिएको छैन। पर्सा जिल्लामा रहेका करीब ५ सयभन्दा बढी फार्ममध्ये आधाभन्दा बढी कोरोनाको कारण गत वर्ष बन्द भइसकेका छन्। अहिले भएका फार्महरूले पनि लकडाउनको हल्ला र बर्डफ्लुको कारण उत्पादन बढाएका छैनन्। उत्पादन नबढेको तर माग नघटेको कारण कुखुराको मूल्य बढ्दो छ। कुखुरा मासु व्यवसायी सङ्घका अध्यक्ष फिरोज आलमले बोइलर कुखुराको मूल्य बढेको बताए। उनले फार्ममैं ज्यूँदो कुखुरा रु २२५ किलो भएकोले ग्राहकलाई तयारी कुखुरा प्रतिकिलो रु ४ सयमा बिक्री भइरहेको बताए।

पर्साका ग्रामीण क्षेत्रमा अहिले रु ३८० प्रतिकिलोमा बोइलर कुखुरा बिक्री भइरहेको छ। वीरगंजलगायतका ठाउँबाट राजधानीमा कुखुरा जाने गर्छ।

अहिले राजधानीमा बोइलर कुखुरा प्रतिकिलो रु ४३० भएकोले यहाँका व्यवसायीले भारतबाट चोरबाटो भित्र्याएका अधिकांश बोइलर कुखुरा काठमाडौं पुऱ्याउने गरेका छन्। वीरगंजलगायतका क्षेत्रभन्दा राजधानीमा बोइलर कुखुराको मूल्य बढी भएकोले व्यवसायीले त्यहाँ पठाउँदै आएका छन्।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



नववर्ष २०७८
को शुभ अवसरमा
सम्पूर्ण नेपालीहरूमा
हार्दिक मङ्गलमय
शुभकामना

स्वास्थ्य मापदण्डको पालना गरौं
घरबाहिर निस्किदा मास्कको प्रयोग गरौं

JAGDAMBA STEEL देशको मेरुदण्ड
जगदम्बा स्टील प्रा.लि.
जीतपुर-सिमरा उपमहानगरपालिका


## खेलकूदको संसार

# जीतपुरसिमरा गोल्डकप : उद्घाटन खेलमा आयोजक क्लब विजयी

प्रस, बारा, ३१ चैत/

जीतपुरसिमरा उपमहानगरपालिकामा आयोजित जीतपुरसिमरा गोल्डकपको ११औं संस्करण मङ्गलवारदेखि शुरू भएको छ। गत वर्ष कोरोना महामारीले प्रतियोगिता हुन नसकेकोले यस वर्ष चैत ३१ गतेदेखि दिवारात्रि जीतपुरसिमरा गोल्डकप प्रतियोगिता शुरू भएको हो। आज भएको उद्घाटन खेलमा आयोजक नवजनजागृति युवा क्लब सिमराले वाग्मती गाउँपालिकालाई हराउँदै विजयी भएको छ। सिमरा रङ्गशालामा सम्पन्न प्रतियोगितामा वाग्मती गाउँपालिकालाई ४–२ गोलअन्तरले पराजित गर्दै आयोजक क्लब विजयी भएको हो। आजको खेलमा आयोजक क्लबका डोल्ना थापा 'म्यान अफ दी म्याच' घोषित भए।



तस्वीर सौजन्यः आयोजक क्लब

गोल्डकपमा मोफसलका ७, 'ए' डिभिजनका ४ र १ विदेशी गरी १२ वटा टीमको सहभागिता रहेको आयोजक क्लबले जनाएको छ। प्रतियोगिताको विजेताले ७ लाख, उपविजेताले ३ लाख ५० हजारको नगद पुरस्कार प्राप्त गर्नेछ।

# पर्सा, बारा, रौतहटका मङ्गलवार २८ जना सङ्क्रमित

प्रस, वीरगंज, ३१ चैत/

पर्सा, बारा र रौतहटका मङ्गलवार २८ जना सङ्क्रमित पुष्टि भएका छन्।

नारायणी अस्पतालको प्रयोगशालामा ७९ जनाको स्वाब परीक्षण गरिएकोमा पर्साका २५, बाराका २ र रौतहटका १ गरी २८ जना सङ्क्रमित पुष्टि भएको प्रवक्ता डा सरोजरोशन दासले बताए।

सङ्क्रमण पुष्टि भएकाहरू तीन वर्षदेखि ५९ वर्षका २० जना पुरुष र ८ जना महिला छन्। उनीहरूको सिटी भ्यालू १४.८ देखि ३२.९ सम्म छ। सङ्क्रमितमध्ये रौतहटका एकजना गढीमाई नगरपालिकाका २६ वर्षीय युवक हुन् भने बाराको जीतपुरसिमराका २९ वर्षीय पुरुष र कलैया उपमनपाका ५९ वर्षीय पुरुष छन्। बाँकी पर्साको बहुदरमाई नपाका ९ जना, छिपहरमाई गापाका एकजना र वीमनपाका विभिन्न वडाका १५ जना सङ्क्रमित छन्।

# सामुदायिक सेवा केन्द्रद्वारा प्रनि साहको बिदाइ

प्रस, वीरगंज, ३१ चैत/

वडा प्रहरी कार्यालय, श्रीपुरका प्रहरी निरीक्षक दीपक साहलाई सामुदायिक सेवा केन्द्र श्रीपुर, मुर्लीले मङ्गलवार बिदाइ गरेको छ।



केन्द्रका अध्यक्ष राम सर्राफको अध्यक्षतामा भएको बिदाइ समारोहमा वडाध्यक्ष प्रद्युम्न सेढाई, वीरगंज युवा समाजका अध्यक्ष कमल चौगाई, समाज परिवर्तनका अध्यक्ष अखलेश साहलगायतले शुभकामना व्यक्त गरेका थिए। बिदाइ कार्यक्रममा केन्द्रकी उपाध्यक्ष रेखा घिमिरे, सचिव दिलीप प्रधान, समाजवादी युवा सङ्घका अध्यक्ष गौरव वर्मा, प्रसनि मीना बडाल, प्रहरी हवल्दार रविकुमार सिंहलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण जगत राईले गरेका थिए।

# वीरगंजमा १० जना नागरिक सय वर्ष बढी

प्रस, वीरगंज, ३१ चैत/

वीरगंज महानगरपालिकामा सय वर्ष नाघेका १० जना नागरिक रहेको तथ्याङ्कले देखाएको छ।

विभिन्न वडा कार्यालयको पञ्जिकरणबाट महानगरमा सयभन्दा बढी उमेरका १० जना नागरिक रहेको पाइएको हो। महानगरपालिकाले सयभन्दा बढी उमेरका यी नागरिकहरूको अभिलेखका लागि सम्बन्धित वडामा पत्राचार गरेको थियो।

सय वर्ष कटेका १० जनामध्ये तीनजना पुरुष र सातजना महिला छन्।

वीरगंज महानगर-१ की सायरा खातुन, वडा नं २० की कैलशिया कुम्हारिन, जोखनी अहरिन, वडा नं २३ का इनरदेव महतो कोइरी, वडा नं २६ की तिनेश्वरी कुर्मिन, नगिनादेवी गिरी, वडा नं २७ की बासमतीदेवी राजपूत, वडा नं २१ की तुरनी थरुइन, वडा नं ३२ का तुला माझी र विपत् राउत अहिर सय वर्षमाथिका नागरिक हुन्।

यिनीहरूमध्ये विपत् राउत अहिर, तुरनी थरुइन, इनरदेव महतो कोइरी १०५ वर्ष उमेरका हुन्।


स्वास्थ्य मापदण्डको पालना गरौं
घरबाहिर निस्किदा मास्कको प्रयोग गरौं

सम्पूर्ण नेपालीहरूमा
नववर्ष २०७८ को
हार्दिक मङ्गलमय
शुभकामना !

SURYA NEPAL
सूर्य नेपाल प्रा. लि.
जीतपुर-सिमरा उपमहानगरपालिका, सिमरा, बारा